मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

**आवश्यकता**

**पदः** पृष्ठ संयोजक/उपसम्पादक

**संख्याः** २

**जिल्ला संवाददाताः** ११

(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)

**योग्यताः** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन २२ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि

madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक ११० ● २०८१ साल फागुन १६ गते शुक्रबार ● Friday 28, February 2025 ● सूर्योदयः बिहान ६:३० बजे ● सूर्यास्तः साँझ ६:०५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# गिदीमा 'मार्को', विवादपछि तीन जना मिलेर साथीको हत्या









**अफरोज अर्पण**
**वीरगंज ।**

'जिन्दगी में सब से ज्यादा दर्द पता है कब होता है, जिने हम बहोत चाहते है, जब ओह हमारे सामने तडप तडप के दुनिया छोड देते है ।' गत डिसेम्बरमा रिजिल भएको मलयालम (भारतीय साउथ मुभी)को चर्चित डाइलग हो यो । चलचित्रमा एउटा अन्धो साथीको पात्रमा देखिएका भिक्टर आफ्नो साथी वसिमको हत्याको जिउँदो 'गवाह' हुन् । फिल्मको क्याइमेक्समा हत्यारा रसेलको छुट्टै 'परफ्युम'को गन्ध र गाडीको आवाजले भिक्टरले रसेललाई नोटिस गर्छन् र हत्यारा यिनै रहेल हुन् भनेर स्पष्ट हुन्छ ।

चलचित्रमा साथीको हत्यारा पत्ता लगाउन अन्धो भए पनि भिक्टर पछि हट्दैनन् । मित्रताको मिसाल देखाइएको यो चलचित्र हेरेर कोही व्यक्ति आफ्नै साथीको हत्या गर्छ भनेर पत्याउन सायदै कोही सक्छ । तर मार्को चलचित्र हेरेर आएकै दिन आफ्नै साथीको हत्या गरेको घटना पर्सा जिल्लामा बाहिरिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर २७ उदयपुर घुर्मीका १९ वर्षीय इशाल प्रसाद कुर्मीको हत्यामा संलग्न तीन जनालाई पर्सा प्रहरीले सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्सामा बिहीबार पत्रकार सम्मेलन गरी कुर्मीको हत्यामा संलग्न सोही वडाका १९ वर्षका मुकेश प्रसाद यादव, १९ वर्षकै अरुण कुमार यादव र १९ वर्षका मुना तिवारीलाई सार्वजनिक गरेको हो ।

फागुन ११ गते आइतबार साँझ साढे ५ बजे जोगिन्द्र प्रसाद कुर्मीका छोरा इशालको शव वीरगंज–२८ जगरनाथपुर ढाठ भन्दा करिब ५ सय मिटर पश्चिम भेडैया खोला तैरिरहेको अवस्थामा फेला परेको थियो । फागुन ७ गतेदेखि हराइरहेका छोरा इशालको खोजतलास गर्न बुवा जोगिन्द्रले दिएको निवेदनको आधारमा प्रहरीले खोजीकार्य तीव्र बनाएको थियो ।

फागुन ७ गते बिहान साढे ११ बजेको समयमा तास खेल्ने क्रममा उनीहरुबीच पैसाको विषयमा बादविवाद भएपछि इशाललाई बाँकी तीन जनाको मिलेमतोमा हत्या गरेको अनुसन्धानमा खुलेको पर्साका प्रमुख प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रले बताए ।

प्रहरी उपरीक्षकका अनुसार पक्राउ परेका तीन जनामध्ये मुकेश प्रसाद यादव मुख्य अभियुक्त हुन् । उनले इशालसँग लिएको करिब ३ हजार ५ सय रुपैयाँ सापटी रकम फिर्ता नदिने मनसायले हत्या गरेको अनुसन्धानमा खुल्न आएको हो । मुकेशले भारतीय मलयालम सिनेमा 'मार्को'बाट प्रभावित भएर हत्या गरेको अनुसन्धानक्रममा खुलेको एसपी मिश्रले बताए ।

मुकेशले हत्या गरेका बेला उनको मानसपटलमा मलयालम चलचित्र 'मार्को'को दृष्य घुमिरहेको थियो । मुकेशले प्रहरीमा दिएको बयानका आधारमा एसपी मिश्रले भने, 'घटनाका मुख्य अभियुक्त मुकेश 'क्राइम थ्रिलर' मुभि बढी हेर्ने गरेको पाइएको छ । फिल्मको खलपात्र (खलनायक)को भूमिकाबाट बढी प्रभावित हुने मुकेशले साथीहरुको सहयोगमा बरदातलाई अन्जाम दिए ।' पर्सा प्रहरीले इशालको शव बरामद गरेको २४ घण्टाभित्र घटनामा संलग्न तीन जनालाई पक्राउ गर्न सफल भएको छ । पर्सा प्रहरीले घटनास्थलबाट मृतकको पर्स, साइकल, चप्पल, मृतकले प्रयोग गर्ने भिभो कम्पनीको मोबाइल फोनको टेम्पर ग्लास बरामद गरेको छ ।

साथै मृतकले प्रयोग गर्ने मोबाइल फोन आरोपित मुकेश प्रसाद यादवका साथबाट बरामद गरेको पर्सा प्रहरीले जनाएको छ । पक्राउ परेका तीनै जनालाई ज्यान मार्ने कसुरमा पर्सा जिल्ला अदालतबाट ६ दिनको म्याद अनुमति लिएर थप अनुसन्धान कार्य भइरहेको छ ।

## प्रेम सम्बन्ध लुकाउन हत्या

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धनुषा, कमला नगरपालिका–६, सिग्याही मडानका ३३ वर्षीया शहीद अन्सारीको हत्या प्रेमीका र श्रीमानको मिलेमतोमा भएको पाइएको छ । अन्सारीलाई प्रेमीका अनिताकुमारी यादव र उनका श्रीमान राजकिशोर यादवले नै हत्या गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

मिथिला बिहारी नगरपालिका–२ पुरनदाहा टोलस्थित खैरा खोला पुलमुनि अन्सारीको शव फेला परेको थियो । कतारमा कार्यरत अन्सारी र अनिताबीच दुई वर्षदेखि प्रेम सम्बन्ध थियो । अनिताले श्रीमती बिरामी रहेको बहाना बनाई अन्सारीलाई नेपाल बोलाएकी थिइन् । मङ्सिर २७ गते अनिता र उनका श्रीमानले अन्सारीलाई बञ्चरो प्रहार गरी हत्या गरेको प्रहरी उपरीक्षक भूवनेश्वर तिवारीले बताए । हत्यापछि शव जुटको बोरामा बेरेर खैरा खोलामा फालिएको थियो ।

शव पहिचान गर्न नसकेपछि प्रहरीले स्केच सार्वजनिक गरेको थियो । माघ १० गते मृतककी श्रीमती अजिमा खातुनले प्रहरीको फेसबुक पेजमा फोटो हेरेर सनाखत गरेपछि घटना सार्वजनिक भएको थियो । अनितालाई गाउँबाटै पक्राउ गरी अदालतबाट तीन दिनको म्याद थप गरिएको छ भने उनका श्रीमान् राजकिशोर यादव हत्यापछि साउदी अरबमा पुगेको उपरीक्षक तिवारीले बताए । उनलाई नेपाल फर्काउन कानूनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

### यसरी भएको थियो हत्या

२०८१ पुस ४ गते दिउँसो ३ बजे धनुषा, मिथिला बिहारी नगरपालिका वडा नम्बर २ पुरनचाहा टोलस्थित पर्शुराम तलाउनजिक जनकपुर धनुषाधाम सडकखण्डमा अवस्थित खैराखोला पुलमुनि नाम थर, वतन नखुलेका अन्दाजी ३०–३५ वर्षका पुरुष व्यक्तिको निधार तथा घाँटीको भागमा गहिरो काटिएको घाउ रहेको, जुटको बोराभित्र पोका पारी बाँधिएको अवस्थामा शव फेला परेको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी उपरीक्षकको कमान्ड र इलाका प्रहरी कार्यालय धनुषाधामबाट प्रहरी निरीक्षकको कमान्डमा अनुसन्धान टोली खटिएर प्रारम्भिक अनुसन्धान कार्य पूरा भएको थियो । प्रतिवादी अनिता कुमारी यादवसँग साढे दुई वर्ष अगाडिदेखि प्रेम सम्बन्ध रहेको, कतारमा बसेका शहीद अन्सारीको रुममेट सन्तोष तत्माबाट मृतक र प्रतिवादी अनिता कुमारी यादवबीचको सम्बन्धबारे थप जानकारी पाएपछि प्रहरीले अनुसन्धान जारी राखेको थियो ।

मृतकले अनिता कुमारी यादवलाई बेलाबेला कतारबाट पैसा पठाउने गरेका थिए । सन २०२४ अप्रिल २४ तारिकमा २ सय ७० कतारी रियाल अनिता कुमारी यादवका नाममा पठाएको अनुसन्धानबाट देखिएको छ ।

तत्काल मृतक पहिचान नभएकाले मृतकको अनुहारको विशेषज्ञमार्फत स्केच बनाई हुलिया परिपत्र गरिएको थियो । जिप्रका धनुषाको फेसबुक पेजमा मृतकको फोटो अपलोड गरिएको थियो । मृतकको फोटो लिइ प्रत्येक गाउँ, टोल, चोक, विद्यालय, मन्दिर, पाटीपौवामा सनाखतका लागि प्रहरी टोली खटिएको थियो । गाउँका अगुवालाई फोटो देखाइएको थियो । अन्य जिल्ला समेतमा हुलिया परिपत्र गरिएको र सामाजिक सञ्जालका माध्यमबाट समेत सनाखतका लागि हुलिया परिपत्र गरिएको थियो ।

अनिता कुमारी यादवले मृतकको श्रीमती बिरामी रहेको भनी परिपञ्च रचेर फर्जी रिपोर्ट पठाइ मृतक शहीद अन्सारीलाई आकस्मिक छुट्टी लिन लगाई नेपाल बोलाएको पाइएको थियो । मंसिर २६ गते जाहेरवालीको पति शहीद अन्सारी विदेशबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौँमा ओर्लेर बिहान ९ बजे अनिता कुमारी यादवकै नाममा रहेको सिमकार्ड रिचार्ज गरी अनिताको मोबाइलमा कल गर्दै सोही दिन काठमाडौँबाट बिपी राजमार्ग हुँदै तारापट्टि सिरसियामा बेलुका ८:२३ बजे आइपुगेका थिए ।

अनिताकी पति राजकिशोर पनि मंसिर १५ गते साउदीबाट नेपाल आएका थिए । राजकिशोर र अनिता मिलेर योजना बनाई शहीदलाई मंसिर २७ गते बिहान ११ घरकै सुत्ने कोठामा बन्धक बनाई बन्चरो प्रहार गरी हत्या गरेको अनुसन्धानमा खुलेको हो । घट्नापश्चात राजकिशोर साउदी फर्किएका थिए ।

# मिथिला परिक्रमा आरम्भ

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मिथिलाको महाकुम्भ 'मिथिला माध्यमिकी परिक्रमा' बिहीबारदेखि शुरु भएको छ । स्थानीय मिथिला बिहारी नगरपालिकास्थित मिथिला बिहारी मन्दिरमा भगवानको मूर्ति आकर्षक डोलामा राखेर परिक्रमा शुरुवात गरिएको हो । परिक्रमाको नेतृत्व मिथिला बिहारीले गरेको छ भने अग्निकुण्डमा किशोरीजीको डोलासहित साधुसन्तको सहभागितामा परिक्रमा हुने गरेको छ । १५ दिनसम्म मिथिला बिहारीको डोलासँगै मध्यमा परिक्रमाका लागि जनकपुरधामको हनुमान नगरमा हजारौँको संख्यामा भक्तजन जम्मा भएका छन् । पहिलो दिन परिक्रमामा सहभागीहरु जनकपुरधामको हनुमान नगरमा रात्री विश्राम गर्नेछन् ।

मिथिला महात्ममा मिथिलामा बृहत, मध्यमा र अन्तगृहसहित तीनवटा परिक्रमा हुनेगर्छ । मध्यमा र अन्तगृहमा लाखौंको सहभागिता हुने गरेको स्थानीय बताउँछन् । परिक्रमाका सहभागीले राति गाउँभन्दा टाढा खुला चौर, बगैँचा वा पोखरीको डिलमा विश्राम गर्ने गरेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बताए । स्थानीयले उनीहरुका लागि अन्न, दाउरा तथा परिक्रमामा सहभागीका सामान लिएर जाने, गाडीका टायर, गोरुका लागि परालसमेत उपलब्ध गराएका छन् । परिक्रमामा सहभागी साधुसन्तका साथै श्रद्धालुलाई स्थानीय तह,

बाँकी पृष्ठ २ मा

# नापी र मालपोत कार्यालय उद्घाटनमा तीन मन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पोखरिया नगरपालिकामा नापी र मालपोत कार्यालय सञ्चालनमा आएको छ । कार्यालय उद्घाटनमा पर्साका तीन मन्त्रीसहित मालपोतका विभागीय मन्त्री सहभागी हुने भने पछि तीन मन्त्री मात्रै सहभागी भए । पर्साकै सांसद एवम् खानेपानी मन्त्री प्रदीप यादव कार्यालय उद्घाटनमा सहभागी भएनन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले आफ्नो कार्यकालको महत्वपूर्ण काम भनेर चर्चा गरेको मालपोत तथा नापी कार्यालय उद्घाटन सफल बनेको र आफू पर्साको विकासका लागि क्रियाशील रहने बताए ।

कार्यालय उद्घाटनसँगै पर्साको पोखरिया र ग्रामीण भेगका नागरिकका लागि अब वीरगंज धाइरहनु पर्ने बाध्यता हटेको छ । पोखरिया नगरपालिकामा बिहीबार आयोजित समारोहमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले कार्यालय उद्घाटन गरे । उनले ग्रामीण भेगका नागरिकलाई सहजता हुने विश्वास व्यक्त गरे । समय र पैसा दुबै जोगिने बताउँदै मन्त्रीले पोखरियाकै कार्यालयबाट सबै किसिमका सेवा उपलब्ध गराइने जानकारी दिए ।

कार्यक्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसिया, मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्री, मधेश प्रदेशकै युवा खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवाल, प्रदेश सभा सदस्यद्वय श्याम पटेल, बिना शर्मा, पूर्व सांसद बिचारी यादव, पूर्वमन्त्री सुरेन्द्र प्रसाद चौधरी, हरिनारायण रौनियार, पोखरिया नगरपालिकाका प्रमुख प्रधुमन चौहानलगायतको उपस्थिति थियो । वीरगंजदेखि १३ किलोमिटरको दूरीमा रहेको पोखरियामा सञ्चालनमा आएको नापी र मालपोत कार्यालयबाट पोखरिया नगरपालिकासँगै ग्रामीण भेगका ६ गाउँपालिकाका सेवाग्राही लाभान्वित हुनेछन् ।

## पोखरियामा ५० करोडको बजेट

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले समृद्ध नेपालः खुशी नेपालीको नारा पोखरियाको जनताले व्यवहारमा महसुस गरेको बताएका छन् । पोखरियामा मालपोत तथा नापी कार्यालयको सेवाकेन्द्र उद्घाटनमा मन्त्री गुप्ताले ग्रामीण क्षेत्रका जनताका लागि खुशीको दिन भएको बताए ।

१४ किलो मिटर यात्रा तय गरी विभिन्न काम लिएर वीरगंज जानु पर्ने बाध्यता समाप्त भएकाले अब पोखरियासहित ग्रामीण क्षेत्रमा विकासको काँचुली फेरिने मन्त्री गुप्ताको भनाई थियो । विकासको काममा नेपाली कांग्रेससँग सहकार्य गर्न पोखरियाका नगरप्रमुखसँग अपिल गर्दै मन्त्री गुप्ताले इलाका प्रशासनको सेवा केन्द्र पनि छिट्टै सञ्चालन गरिने प्रतिवद्धता व्यक्त गरे ।

मन्त्री गुप्ताले भारत सरकारको सहयोगमा ३५ करोड रुपैयाँको विकासका योजना सञ्चालन गरेको बताए । पोखरियासहित विभिन्न तीनवटा सडक निर्माणमा बजेट बिनियोजन गरेको उनले बताए । केही दिनभित्र भारत सरकारको परियोजनाजस्तै चीन सरकारको सहयोगमा १४ अर्ब रुपैयाँको विकासको कार्यक्रम ल्याइने र त्यसमा ५० करोड रुपैयाँ पोखरियालाई प्रदान गरिने उनले बताए । मन्त्री गुप्ताले आफूले चुनावका बेला गरेको प्रतिवद्धता पूरा गर्न हरसम्भव प्रयत्न गरिरहेको बताए ।

**सुक्खा बन्दरगाह जग्गा अधिग्रहणको मुआब्जा छिट्टै**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले सरकारले वीरगंजस्थित सुक्खा बन्दरगाह बिस्तारका लागि अधिग्रहण गरेको जग्गाको पूर्ण मुआब्जा वितरण हुन नसकेको र छिट्टै वितरण हुने बताएका छन् । वीरगंज–२५, सुक्खा बन्दरगाहस्थित अतिक्रमित गाउँ पुगेर गुप्ताले यस्तो बताएका हुन् ।

स्थानीयको समस्या बुझ्न पुगेका मन्त्री गुप्तालाई स्थानीयले स्वागत गर्दै वडाबासीको समस्या संसद बैठकमा उठाउन माग गरेका थिए । मुआब्जा पीडित संघर्ष समितिका विजय कुमार तिवारीले बर्षौँदेखि जग्गा अधिग्रहण गरेर सरकारले पीडितलाई मुआब्जा नदिँदा स्थानी मर्कामा परेको औल्याउँदै समस्यालाई तत्काल सम्बोधनका लागि आग्रह गरेका थिए ।

सँगै रहेका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले बाँकी मुआब्जासम्बन्धी आवश्यक प्रकृया अगाडि बढाइसकिएको जनाउँदै समस्या निराकरण हुने बताए । सरकारले सुक्खा बन्दरगाह बिस्तारका लागि वीरगंज–२५ को ३ सय घरधुरी भएको ६२ बिघा जग्गा सातवर्ष अघिदेखि रोक्का गरेर राखेको छ ।

# शिवरात्रि मेलामा श्रद्धालुसँग अतिरिक्त असुली

**मधेशदृष्टि**
**वीरगंज ।**
शिवरात्रिदेखि शुरु भएको पर्साको जिराभवानी गाउँपालिकाको १० दिने मेलामा चरम अनियमितता देखिएको छ । मेलाको व्यवस्थापन कमजोर हुनुका साथै ठेकेदारले व्यवसायी र श्रद्धालुहरूसँग नियम विपरीत अतिरिक्त शुल्क असुली गरेको खुलेको छ । मेला व्यवस्थापनका लागि ठेक्का सम्झौता अनुसार, व्यवसायीहरूले निश्चित शुल्क तिर्नुपर्ने व्यवस्था छ । स्टल बुकिङ शुल्क प्रति वर्गफुट १० रुपैयाँ तोकिएको भए पनि ठेकेदारले मनपरी ढंगले तीन गुणासम्म बढी रकम लिएको व्यवसायीहरूले आरोप लगाएका छन् । तरकारी र चुरा पसल सञ्चालन गर्न २० रुपैयाँ, सानो रेडिमेड पसलका लागि ५० रुपैयाँ, ठूलो पसलका लागि १०० रुपैयाँ तोकिएको भए पनि ठेकेदारले एक दर्जन मानिस परिचालन गरी १०० देखि २०० रुपैयाँसम्म असुल गरिरहेको उनीहरुको गुनासो छ । बिजुलीबत्तीको सुविधा नहुँदासमेत व्यवसायीहरूबाट ठूलो रकम असुलिएको गुनासो छ । नेपाल र भारतबाट आएका श्रद्धालुहरूबाट समेत ठेकेदारले अवैध रूपमा पार्किङ शुल्क उठाइरहेको पाइएको छ । सम्झौता अनुसार ५० रुपैयाँ मात्र लिने व्यवस्था भए पनि बढी रकम असुल गरिएको गुनासो आएको छ । ठेकेदार ओमप्रकाश मुखियाले १२ लाख रुपैयाँमा ठेका लिएको र लगानी उठाउन व्यवसायी तथा श्रद्धालुहरूसँग थप रकम लिएको स्वीकार गरेका छन् । मेला परिसरमै खुलेआम जुवा तास सञ्चालन भइरहेको छ । आश्चर्यजनक रूपमा सुरक्षाकर्मीहरू नै जुवामा संलग्न भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । मेलामा भईरहेको अवैध गतिविधि नियन्त्रण गर्न सम्बन्धित निकायले तत्काल ध्यान दिनुपर्ने स्थानीयको माग छ ।

# गाँजासहित दुई जना पक्राउ

जिल्ला प्रहरी कार्यालय पर्साले लागूऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरू पटेर्वासुगौली गाउँपालिकाका स्थानीय गाउँपालिका–४ भथौरा निवासी १९ वर्षीय अर्जुन महतो र पटेर्वासुगौली गाउँपालिका–१ गदियानी निवासी ३० वर्षीय असलम अन्सारी हुन् । उनीहरूबाट कुल ७६ किलोग्राम गाँजा जस्तो देखिने पदार्थ बरामद भएको पर्सा प्रहरीको पत्रकार सम्मेलनमा जानकारी दियो । बिहीबार राती जिराभवानी गाउँपालिका–३ जितपुर नजिकैको सडक खण्डमा विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट खटिएको टोलीले नौकाटोलबाट जितपुरतर्फ पैदल आउँदै गरेका अर्जुनमाथि शङ्का लागेपछि प्रहरीले उनलाई रोकेर रितपूर्वक शरीर चेकजाँच गरेको थियो ।

चेकजाँच गर्ने क्रममा अर्जुनले दुवै हातमा बोकेको कालो प्लास्टिकको झोलामा ४६ किलोग्राम लागूऔषध गाँजा जस्तो पदार्थ फेला परेपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । यसैबीच सोही दिन पर्सा प्रहरीले पटेर्वासुगौली गाउँपालिका–१ को पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पुरानो भाठा नजिकैको सडक खण्डमा नेपाली सेनाको श्री जबुज गण सुरक्षा पोस्ट भाठा र इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीको संयुक्त टोलीले चेकजाँच गर्दा भाठा मेलाको ड्युटीबाट फर्कने क्रममा भाठा मन्दिरबाट सिकारी बाँसतर्फ पैदल आउँदै गरेका असलम अन्सारीलाई शङ्कास्पद देखेर रोकेर प्रहरीले चेकजाँच गरेको थियो । असलमले टाउकोमा बोकेको बोराभित्र लुकाई छिपाइ राखिएको ३० किलोग्राम लागूऔषध गाँजा जस्तो पदार्थ फेला परेपछि उनलाई पनि नियन्त्रणमा लिइएको प्रहरीको जनाएको छ ।

# पोखरियामा नयाँ प्रशासकीय अधिकृत

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत विनय कुमार श्रीवास्तव हाजिर भएका छन् । उनले बिहीबारबाट कार्यभार सम्हालेका छन् । जनप्रतिनिधि र कर्मचारीले उनलाई स्वागत गरेका छन् । पोखरियाका उपप्रमुख रुवि ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा, लेखा शाखा प्रमुख मन्दिप महतो, वडाअध्यक्ष महेन्द्र महतो चाइँ, पूर्व निमित्त प्रशासकीय अधिकृत अजय कुमार श्रीवास्तव, प्रशासन शाखा प्रमुख संजय पाण्डेय, नरेन्द्र साहलगायतले अधिकृत श्रीवास्तवलाई स्वागत गरेका थिए ।

श्रीवास्तवले आफू जनताको कामलाई छिटोछरितो गर्न क्रियाशील रहने बर्ता ।

# नारायणी यातायातको साधारण सभा हुँदै

**मधेशदृष्टि**
**हेटौँडा ।**
देशकै पुरानो र वृहत यातायात व्यवसायीको संस्था नारायणी यातायात व्यवसायी संघ हेटौँडाको ३६ औँ साधारण सभा र १६ औँ अधिवेशन शनिबार हेटौँडामा हुने भएको छ ।

संघले बिहीबार हेटौँडामा पत्रकार सम्मेलन गरेर साधारण सभाबारे जानकारी दिएको हो । ‘यातायात व्यवसायीका संघसंस्थालाई कम्पनीमा जाऊ भनेर सरकारले गरेको निर्णयले केही वर्ष संस्था क्रियाशील हुन कठिन भयो,’ संघका अध्यक्ष हीरालाल श्रेष्ठले भने, ‘यातायात कम्पनीमा जाने भनेपछि मुनाफारहित कम्पनी र अर्को कम्पनी पनि दर्ता गरेर बस र ट्रक–ट्यांकर व्यवथापनमा लाग्यौँ, अहिले सरकारको निर्णय सर्वोच्चले खारेज गरेपछि फेरि नारायणी यातायात व्यवसायी संघलाई सक्रिय बनाउन लागेका छौँ ।’

उनले संस्थाको सदस्यता नवीकरण भइरहेको र अधिवेशन भए पनि नेतृत्व भने संघ र दुई वटा कम्पनी व्यवस्थापनपछि परिवर्तन गर्ने गरी तयारी भएको बताए । महासचिव सरोजकुमार खनालले संघको साधारण सभामा मेडिसिटी अस्पतालको सहयोगमा किड्नीको स्वास्थ्य अवस्थाबारे जाँच शिविर पनि आयोजना गरिएको बताए ।

# नेशनल मेडिकल कलेजको सप्ताहव्यापी खेलकुद सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज एवम् टिचिङ हस्पिटलले सप्ताहव्यापी खेलकुद कार्यक्रम सम्पन्न गरेको छ ।

मेडिकल कलेजको वार्षिक उत्सवका अवसरमा आयोजित कार्यक्रम बिहीबार औपचारिक रूपमा सम्पन्न गरिएको हो ।

प्रतियोगितामा फुटबल, भलिबल, क्रिकेट, टेवल टेनिस, ब्याडमिन्टन, बास्केटबल, बुद्धिचाल (चेस) जस्ता खेलहरू समावेश गरिएको थियो । उक्त प्रतियोगितामा मेडिकल कलेजकै एमबिबिएस, बिडिएस, बीएमएलटी, बीएमआईटी र नर्सिङमा अध्ययनरत छात्रछात्राहरुले भाग लिएका थिए । नेशनल मेडिकल कलेजका अध्यक्ष प्रो.डा. जैनुदिन अंसारीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न खेल प्रतियोगिताका विजेताहरूलाई पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले खेलमा सहभागी विद्यार्थीलाई प्रमाणपत्र तथा मेडल वितरण गरेका थिए । मेडिकल कलेजका प्रिन्सिपल डा. केऐन सिंहको अध्यक्षतामा भएको समापन कार्यक्रममा नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक शाहनवाज अंसारी , एकेडेमिक डाइरेक्टर डा. नुसरत जहाँ अन्सारी, एडमिसन एवम् मार्केटिङ डाइरेक्टर आबिद हुसैन अन्सारी, हस्पिटल डाइरेक्टर डा. इसरत जहाँ अन्सारी, डाइरेक्टर डा. रुबी अस्मिन्गलायतको उपस्थिति रहेको थियो ।

# मिथिला परिक्रमा...



विभिन्न युवा क्लबले समेत निःशुल्क स्वास्थ्य शिविर र भोजनको व्यवस्था गरेका छन् ।

नेपालको १ सय ७ किलोमिटर र भारतको २३ किलोमिटरसहित १ सय ३० किलोमिटरको परिक्रमा प्रारम्भ कल्याणेश्वरबाट हुनेछ । पहिला परिक्रमामा साधुसन्त मात्रै सहभागी हुने गरे पनि विस्तारै सर्वसाधारणसमेत सहभागी हुने क्रम बढेको छ । परिक्रमामा सहभागी हुँदा एक छाक खाने, सात्विक खाने परम्परा छ । त्यसैगरी, परिक्रमाका सहभागी खुला चोक र मठमन्दिरमा मात्रै रात्री विश्राम गर्छन् ।

फागुन प्रतिपदाका दिन भक्तजन कल्याणेश्वर पुग्छन् । एकरात पहिले नै अमावस्याका दिन जनकपुरको हनुमान नगरमा मिथिला बिहारीको डोलासँगै राति विश्राम गर्ने परम्परा छ । हनुमान नगरबाट कल्याणेश्वर १३ किलोमिटर उत्तरपूर्वी क्षेत्रमा पर्छ । कल्याणेश्वरबाट गिरिजास्थान डोला पुग्छ । १२ किलोमिटर दूरीमा रहेको त्यहाँ त्रेतायुगमा भगवान राम र जानकीको पहिलो भेट भएको थियो ।

दोस्रो बासका रुपमा महोत्तरीको मटिहानीमा हुन्छ । तेस्रो दिन जलेश्वर, चौथौँ दिन मड़ै, पाँचौँ दिन ध्रुवकुण्ड, छैठौँ दिन कञ्चनवन, सातौँ दिन क्षिरेश्वरनाथ महादेवको दर्शन गर्दै पर्वता, आठौँ दिन धनुषाधाम, नवौँ दिन सतोषर, दशौँ दिन औरही, ११औँ दिन करुणा, बाह्रौँ दिन बिसौल र त्यसपछि कल्याणेश्वरमा पुगेर परिक्रमा पूर्णाहूति हुनेछ ।

१५ दिवसीय मिथिला मध्यमा परिक्रमाका यात्री पूर्णिमा तिथिमा मिथिला बिहारी र किशोरीजी भगवानको डोलासहित जनकपुर आएपछि मध्यमा परिक्रमा गर्न छुटेकाहरु अन्तरगृहमा सहभागी हुने गर्छन् । परिक्रमाको प्रारम्भको इतिहास कुनै पुस्तकमा उल्लेख छैन । भगवान गणेशद्वारा तीन भुवनको परिक्रमाक्रममा पार्वती र महादेवलाई गरेको परिक्रमालाई उत्सवका रुपमा लिने गरिन्छ ।

मिथिला महात्ममा वर्णन गरिएको मध्यमा परिक्रमाको प्रारम्भ १८आँ शताब्दी भन्दा केही पूर्व भएको मैथिलीका साहित्यकार श्याम सुन्दर शशीले बताए । उनले मिथिलाको चारै कुनामा रहेको महादेव मन्दिरलाई केन्द्रविन्दुमा राखेर परिक्रमा हुने गरेको छ ।

मिथिला परिक्रमा पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण

मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मिथिलाको माध्यमिकी परिक्रमाले पर्यटन प्रवद्र्धनमा महत्वपूर्ण योगदान पु¥याएको बताएकी छन् । उनले मिथिला क्षेत्रको सभ्यता निकै पुरानो रहेको चर्चा गर्दै यसमा साधुसन्त र श्रद्धालुको सहभागितासहित १५ दिनसम्म मनाइने मिथिला परिक्रमाले पर्यटन प्रवद्र्धन गरेको बताइन् ।

धनुषाको मिथिला बिहारी नगरपालिकामा मिथिला परिक्रमा डोला शुभारम्भ गर्दै भण्डारीले धार्मिक यात्रा मात्रै नभएर यसले आत्मीय सम्बन्धलाई समेत स्थापित गराएको जिकीर गरिन् । भण्डारीले भनिन्, ‘यो धार्मिक यात्रा दुई देशका नागरिकको बीचमा सद्भाव, आत्मीयता र सहयोगको सन्देश प्रवाह गर्ने अवसर हो । यसले नेपाल र भारतबीचको कूटनीतिक, धार्मिक र पारस्परिक सम्बन्धलाई अझ मजबुत बनाउन मद्दत पु¥याउने छ ।’

प्रदेश प्रमुख भण्डारीले स्थानीयसँग एकजुट भएर यात्रामा सहभागी हुने साधुसन्त, सन्यासी, नागा र अन्य श्रद्धालुको स्वागत र सम्मान गर्न आग्रह गरिन् । उनले परिक्रमा यात्राले नेपाल र भारतका धार्मिक र सांस्कृतिक पहिचानलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गरिन् ।

# नेशनल प्याब्सनको आठौं राष्ट्रिय महाधिवेशन शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेशनल प्याब्सन) को आठौं राष्ट्रिय महाधिवेशन वीरगंजमा शुरु भएको छ । बिहीबारदेखि वीरगंजस्थित टाउनहल, आदर्शनगरमा शुरु भएको महाधिवेशन शुक्रबारसम्म चल्ने नेशनल प्याब्सनका अध्यक्ष पाण्डव हमाल ठकुरीले बताए ।

महाधिवेशनमा देशभरका ३६ जिल्लाबाट करिब १,५०० निजी विद्यालयका संस्थापक, लगानीकर्ता तथा प्राध्यापकहरुको सहभागिता रहेको छ ।

महाधिवेशनमा प्रस्तावित शिक्षा विधेयक लगायतका विषयमा छलफल हुने र सरकारलाई आवश्यक सुझावहरू प्रस्तुत गरिने अध्यक्ष ठकुरीले बताए ।

मधेश प्रदेश सरकार
उधोग, वाणिज्य तथा पर्यटन मन्त्रालय

## पर्यटन विकास कार्यालय

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशन मितिः २०८१/११/१६

यस कार्यालयको मिति २०८१/०९/२६ को राजधानी दैनिक मा प्रकाशित सूचना अनुसार तपसिल बिमोजिमको निर्माण व्यवसायीहरुको बोलपत्र नयुनतम् मुल्यांकन सारभुतरुपमा प्रभावग्राही देखी सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं: | ठेक्का नं: | स्वीकृत लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र पिएस समेत) |
|---|---|---|---|
| 1 | 06/NCB/WORKS/TDOD HANUSHA/081/082 | RAJARSHSHI ENGINEERING AND BUILDERS PVT.LTD,mithila municipality-2 dhanusha,Nepal | 3785317.98 |
| 2 | 07/NCB/WORKS/TDOD HANUSHA/081/082 | Habib Construction and Suppliers , Samsi-02,Mahottari | 3351182.94 |
| 3 | 08/NCB/WORKS/TDOD HANUSHA/081/082 | Shakti Builder's,Khairbani Ward No 03 | 3020365.55 |
| 4 | 09/NCB/WORKS/TDOD HANUSHA/081/082 | Naman Construction pvt.Ltd | 3227337.54 |
| 5 | 11/NCB/WORKS/TDOD HANUSHA/081/082 | Habib Construction and Suppliers , Samsi-02,Mahottari | 3518258.41 |
| 6 | 12/NCB/WORKS/TDOD HANUSHA/081/082 | Angel Construction and Suppliers, Yadukuha | 36723995.43 |
| 7 | 13/NCB/WORKS/TDOD HANUSHA/081/082 | Sah Nirman Sewa,Bideha municipality-3 | 3251702.50 |
| 8 | 14/NCB/WORKS/TDOD HANUSHA/081/082 | Shibam Construction, janakpur-8 | 3917453.38 |
| 9 | 15/NCB/WORKS/TDOD HANUSHA/081/082 | Bhanja Construction , Janakpur-15 Dhanusha | 3680252.03 |
| 10 | 16/NCB/WORKS/TDOD HANUSHA/081/082 | Shibam Construction, janakpur-8 | 3151286.72 |
| 11 | 17/NCB/WORKS/TDOD HANUSHA/081/082 | Ma Janaki Construction And Suppliers Pvt.Ltd. | 3174655.81 |
| 12 | 18/NCB/WORKS/TDOD HANUSHA/081/082 | Shibam Construction, janakpur-8 | 3268165.56 |
| 13 | 19/NCB/WORKS/TDOD HANUSHA/081/082 | Bhanja Construction , Janakpur-15 Dhanusha | 3240305.42 |
| 14 | 20/NCB/WORKS/TDOD HANUSHA/081/082 | Bhanja Construction , Janakpur-15 Dhanusha | 3130537.77 |
| 15 | 21/NCB/WORKS/TDOD HANUSHA/081/082 | Shibam Construction, janakpur-8 | 3214479.83 |
| 16 | 22/NCB/WORKS/TDOD HANUSHA/081/082 | Maa Bhavani Nirman Sewa, Dhanusha | 3327795.02 |

# मुसहर समुदाय लक्षित निःशुल्क बाल कक्षा सञ्चालन

**मधेशदृष्टि**
**सप्तरी ।**
पछिल्लो समय अति पिछडिएको हरवाचरवा मुसहर समुदायका बालकालिकाको शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ । केही बर्षअघि सम्म अत्यन्त न्यून संख्यामा मात्र मुसहर बालबालिकाहरु विद्यालय जाने गरेकोमा पछिल्लो समय ती समुदायबाट विद्यालय जाने बालबालिकाको संख्या उत्साहजनक रुपमा बढ्दै गएको पाइएको छ । पढ्ने उमेर भए पनि सप्तरीको शम्भुनाथ नगरपालिका–१० रामपुर जमुवास्थित मुसहर बस्तीका ९ वर्षीय आकाश सदा विद्यालय जाँदैन्थे । घरदेखि करिब पाँच सय मिटरकै दूरीमा विद्यालय भए पनि विद्यालय नगई घरमै खेलेर उनीको समय बित्दथ्यो ।

तर अहिले उनी बिहान हुने बित्तिकै झोलामा कपीकिताब बोकेर पढ्न विद्यालय जान थालेका छन् । आमाबुबाले स्थानीय साहुको घरखेतमा काम गर्न जाँदा उहाँहरुसँगै साहुमहाजनको गाईगोरु चराउने गरेको सोही ठाउँका १० वर्षीय पारस सदाको पनि अहिले दिनचर्या फेरिएको छ । उनी पनि अहिले घर नजिकै रहेको श्री जनता माध्यमिक विद्यालय रामपुर जमुवा जान थालेका छन् । यसरी आकाश र पारस मात्र होइन, हरवाचरवा र मुसहर समुदायको उल्लेख्य बसोबास रहेको सप्तरीको शम्भुनाथ नगरपालिका–१० रामपुर जमुवा र वडा नम्बर १ खोक्सर प्रवाहास्थित मुसहर बालबालिकाहरु पछिल्लो समय नियमित विद्यालय जान थालेका छन् ।

नगरपालिकाका हरवाचरवा परिवारका बालबालिकालाई लक्षित शैक्षिक अभियानअन्तर्गत निःशुल्क बाल ट्युसन कक्षा सञ्चालन गरेपछि विद्यालय जाने दलित बालबालिकाको संख्या बढ्दै गएको हो । विगत तीन वर्षदेखि ती वडाहरुबाट हरवाचरवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको संख्या जम्मा १२ रहेको जनाइएको छ । जनचेतना अभियान, अभिभावक भेला तथा निःशुल्क बाल कक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको संख्या तीन सयभन्दा बढी पुगेको हरवाचरवा शम्भुनाथ नगर बाल क्लबका अर्जुन सदा बताउँछन् । 'पहिला पहिला हरवाचरवा मुसहर परिवारका बालबालिका पढाइभन्दा खेलकुदमै दिन बिताउने गरेका थिए, तर गाउँमै निःशुल्क बाल कक्षा सञ्चालनमा आएपछि विस्तारै पढाइलेखाइप्रति बालबालिकाहरु आकर्षित हुन थालेका छन्, उनले भने, 'केही वर्षअघिसम्म विद्यालयमा हरवाचरवा मुसहर परिवारका बालबालिका न्यून संख्यामा मात्र भेट्थ्यो, अहिले विस्तारै विद्यालय जानेको संख्या बढ्न थालेको छ ।' केही वर्षअघिसम्म हरवाचरवा परिवारमा शिक्षाको महत्व थाहा नभएर होला एक त हरवाचरवा परिवाका बालबालिका विद्यालय जान रुचाइरहेका थिएन, भने अभिभावकहरु पनि विद्यार्थीलाई विद्यालय पठाउन चाहिरहेको थिएन्, रामपुर जमुवामा सञ्चालित निःशुल्क ट्युसन कक्षाका शिक्षक पुनित चौधरीले भने, 'तर अहिले मुसहर परिवारको बालबालिका पनि विद्यालय जान थालेका छन् भने अभिभावमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको छ ।'

हरवाचरवा परिवारमा शिक्षाको अवस्था अत्यन्तै नाजुक देखिएपछि संस्थाले शम्भुनाथ नगरपालिकाको विभिन्न वडामा सञ्चालन गरेको निःशुल्क बाल शिक्षा कार्यक्रममा अहिले हरवाचरवा र मुसहर समुदायका तीन सयभन्दा बढी हरवा चरवा बालबालिका नियमित रुपमा अध्ययन गर्नका लागि आउने गरेको श्रीपुर्राज सामुदायिक केन्द्रका प्रमुख व्यवस्थापक लिडर विनोदानन्द चौधरीले बताए । तीमध्ये करिब दुई सय जना बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुऱ्याइसकिएको उनको भनाइ छ ।

विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाको तर्फबाट शैक्षिक सामग्री र स्कुल ब्याग समेत निःशुल्क उपलब्ध गराएको छ । विद्यालय बाहिर रहेका बालबालिकाका लागी हाल तीन जना दक्ष शिक्षिका र एक दर्जन स्वयम्सेवक परिचालित गरेर नौ महिने बाल शिक्षा प्रदान गरिरहेको र क्रमिक रुपमा विद्यालय भर्ना गराउँदै लगेको उनको कथन छ ।

'प्रारम्भिक बाल शिक्षाबाट राम्रो गर्दै गएका करिब दुई सय जना हरवाचरवा परिवारका बालबालिकालाई अहिले सम्म स्थानीय विद्यालयमा भर्ना गराई सकिएको छ', श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली रामले भने, 'बाँकी रहेकालाई पनि क्रमशः पायक पर्ने विद्यालयमा भर्ना गराउने तयारी छ ।' गरिबी र अभावबाट गुज्रिरहेका हरवाचरवा र मुसहर समुदायका अधिकांश बालबालिका विद्यालयको नाकमुख देख्न पाएका छैन उनले भने, 'त्यस्तालाई आगामी शैक्षिक सत्रदेखि विद्यालयसँग जोड्न सक्दो पहल गरिरहेका छौँ ।'

# माओवादीको 'तराई–मधेश जागरण अभियान' सप्तरी पुग्ने



**मधेशदृष्टि**
**सप्तरी ।**
नेपालको होचोँ भूभाग झापाको कचनकवलबाट शुरु भएको नेकपा (माओवादी केन्द्र)को तराई मधेश जागरण अभियान टोली शुक्रबार सप्तरी प्रवेश गर्ने भएको छ । नेकपा माओवादी केन्द्रबाट बोदेबर्साईन नगरपालिका–२ का वडा अध्यक्ष राम प्रसाद रामका अनुसार हुलाकी मार्ग एवम् पूर्वपश्चिम लोकमार्गमा आधारित जनतासँगको जागरण अभियानअन्तर्गत पार्टी अध्यक्ष पुष्पकमल दाहाल शुक्रबार बिहान सप्तरीको विभिन्न स्थानीय तहमा पुग्ने छन् । कार्यक्रम अनुसार सप्तरीको हनुमाननगर, मन्सापुर, तोपा, झल्ही नहर चौक हुँदै बिहान ९:३० बजे सदरमुकाम राजबिराज स्थित जिल्ला समन्वय समितिको सभाहलमा कार्यकर्ता भेटघाट तथा खबरदारी सभाको कार्यक्रम रहेको छ । त्यसपछि जमुनी मधेपुरामा कार्यकर्ता भेटघाटको कार्यक्रम रहेको छ । सोही क्रममा अध्यक्ष दाहालसहितको टोलीले छपकीभथौलका शहीद इन्द्रदेव विश्वासको शालिक अनावरण तथा परिवारसँग संक्षिप्त भेट गर्नेछन् । त्यसपछि खडक नगरपालिकाको बनौलाका सहिद परिवार कमरेड रमेश रामको शालिक अनावरण तथा परिवारसँग संक्षिप्त भेट गर्नेछन् ।

करिब दिउँसो साढे ३:३० बजे बोदेबर्साईन नगरपालिका–५ स्थित सानिमा बैंकको अगाडिमा कार्यक्रम हुनेछ । अध्यक्ष प्रचण्ड सहितको टोलीले खबरदारी सभा तथा कार्यकर्ता भेटघाट र त्यसपछि अध्यक्ष दाहालसहित अभियान टोलीले खबरदारी सभालाई सम्बोधन गर्नेछ ।

खबरदारीसँगै कार्यकर्ता भेटघाट गर्दै टोली सोही हुलाकी सडक अन्तरगत बलान बिहुल गाउँपालिकाको चनहीबाट सम्मान साथ बिदाई कार्यक्रमको आयोजना रहेको पूर्व मन्त्री तथा नेकपा माओवादीका केन्द्रिय सदस्य उमेश प्रसाद यादवले बताए ।

# श्रद्धालुहरुका लागि हेल्पडेस्क सञ्चालन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल–भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपालको संयुक्त आयोजनामा मिथिला मध्यमा परिक्रमा अन्तर्गत श्रद्धालु भक्तजन, साधु–सन्त तथा सम्पूर्ण यात्रुहरूको स्वास्थ्य र सुविधालाई ध्यानमा राखी १५ दिने परिक्रमामा हेल्पडेस्क सञ्चालन गरिएको छ । हेल्प डेस्क नेपालतर्फ पर्ने ११ बासामा संचालन गर्ने क्लोथ बैंकका कार्यालय सचिव कृष्ण कुमार साहले बताए । बिहीबारको कार्यक्रम हेल्प डेस्कका सहसंयोजक रुबी झाको संयोजकत्वमा सम्पन्न भएको थियो । कार्यक्रममा संस्थाका कार्यालय सचिव कृष्ण कुमार साह, क्लोथ बैंक नेपालका सचिव मनिष श्रीओम, बाल अभियानी आदित्य झा, तथा धनेश्वर ठाकुरको विशेष उपस्थिति रहेको थियो । सिअहेब दिलीप मिश्र सहित अन्य सदस्यहरूले यात्रुहरूलाई स्वागत गर्दै स्वास्थ्य जाँच तथा आवश्यक सामग्रीहरू वितरण गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल–भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा. राजीव झाले मिथिला मध्यमा परिक्रमाको उद्देश्य तथा यसको सांस्कृतिक एवम् धार्मिक महत्वबारे प्रकाश पारेका थिए ।

# चुरे अभियानीहरु आक्रोशित धर्नामा बस्ने चेतावनी



**मधेशदृष्टि**
**रौतहट ।**
डिभिजन वन कार्यालय रौतहटले सूचना दिन आनाकानी गरेपछि चुरे अभियानीहरुले आक्रोशित व्यक्त गरेका छन् । उनीहरुले बिहीबार वन कार्यालय अगाडी पत्रकार सम्मेलन गरी आफूहरुले माग गरेको सूचना समयमा उपलब्ध नगराए कडा रुपमा प्रस्तुत हुने चेतावनी समेत दिएका छन् । सूचना माग गरेको तिन हप्ता बित्नै लाग्दा समेत उपलब्ध नगराएको उनीहरुले गुनासो गरेका छन् । जनतालाइ सहुलियत दरमा दिने भनिएको काठ वितरण भएको सम्बन्धमा नै आफूले विवरण माग गरेको चुरे तथा वन जंगल संरक्षण अभियान नेपालका अभियन्ता नन्दकिशोर रामले बताए । काठहरु कसलाई कुन प्रक्रियाले वितरण गरिएको यो सम्बन्धि बुझ्नका लागि लागि आफूहरुले निवेदन दिएको उनको भनाइ छ । डिभिजन वन कार्यालयबाट उपभोक्तालाइ काठ दिन आपूर्ती नखुलाए पनि काठ गायब हुन थालेपछि दिनहुँ काठ कहाँ गइरहेको छ भने जानकारी लिनलाई निवेदन दिएको रामको भनाइ छ । समयमा सूचना उपलब्ध नगराए आफूहरुले कार्यालयको मूलगेटमा धर्नामा बस्ने चेतावनी समेत अभियानी रामले दिएका छन् ।

# स्ववियु निर्वाचनको तयारीमा जुट्यो जनमत विद्यार्थी



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी निकट विद्यार्थी जनमत संघ स्ववियु निर्वाचनको तयारीमा जुटेको छ । बिहीबार ठाकुरराम बहुमुखी क्याम्पस ईकाई समितिले क्याम्पसको सभा हलमा विद्यार्थी भेला तथा भेटघाट कार्यक्रम गरेको छ । इकाई अध्यक्ष अभिषेक झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनमत पार्टी पर्सा जिल्ला अध्यक्ष एवम् प्रमुख अतिथि ओमप्रकाश सरार्फले सम्बोधन गर्दै ठाकुराराम बहुमुखी क्याम्पसको पुनर्जीवन र सर्वाङ्गिन विकास एवम् विद्यार्थीहरुको स्वाभिमानको लागी जनमत विद्यार्थी संगको प्यानललाई जिताउनु पर्नेमा जोड दिए । कार्यक्रममा पार्टीका केन्द्रिय सदस्य अनुराग द्विवेदीले विद्यार्थीहरु प्रति हुने गरेको अत्याचार एवम् विभेदको अन्त्यको लागि सबैजना एकजुट हुनुपर्नेमा जोड दिए । भेलामा जनमत विद्यार्थी संघका जिल्ला अध्यक्ष बिबेक झा, युवा जिल्ला अध्यक्ष उदय यादव , सभापतिका उम्मेदवार राज साह, कोषाध्यक्षका उमेदवार सलमान देवान, युवा नेताहरू धिरेन्द्र चौधरी, सिकेन्द्र राम, लोकेश कर्ण लगायत विद्यार्थी नेताहरुको उपस्थिति रहेको थियो ।

# ४० अर्ब रुपैयाँबढीको सामान निर्यात

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको सात महिनाको अवधिमा ४० अर्ब ३४ करोड ५९ लाख ७९ हजार मूल्य बराबरका वस्तु तथा सामान निर्यात भएका छन् । गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा नाकाबाट हुने निर्यात झण्डै दोब्बरभन्दा धेरै बढेको छ । गत आवको सात महिनाको अवधिमा यो नाका हुँदै १७ अर्ब सात करोड ९५ लाख ६० हजार मूल्य बराबरको वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो ।

मुलुकभर रहेका सानारठूला २८ भन्सार नाकामध्ये वीरगंज भन्सार नाका हुँदै भएको निर्यातको हिस्सा भने ३१ दशमलव ७२ प्रतिशत रहेको छ । वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवमा प्रशोधित सूर्यमुखी र भटमासको तेल निर्यात बढेसँगै समग्रमा निर्यात बढेको बताए । वीरगंज भन्सार नाका हुँदै चालु आवको सात महिनाको अवधिमा १९ अर्ब ३६ करोड मूल्यको प्रशोधित भटमासको तेल निर्यात भएको छ । त्यस्तै सोही अवधिमा चार अर्ब ६३ करोड मूल्य पर्ने प्रशोधित सूर्यमुखीको तेल निर्यात भएको छ । तीन अर्ब ९६ करोड मूल्य पर्ने फलफूलको जुस विदेशी मुलुकमा निर्यात भएको छ । त्यस्तै गरी तीन अर्ब १२ करोड मूल्य पर्ने फलाम तथा फलामका सामग्री निर्यात भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।


## बिहान ५ बजे नै पिडिएफ उपलब्ध



मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्


# दोस्रो वीरगंज गोल्डकप शनिबारदेखि हुने




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश कै सर्वाधिक धनराशि भएको दोस्रो वीरगंज गोल्डकप आगामी शनिबारबाट शुरु हुन लागेको छ । बिहिबार आदर्शनगर रंगशालामा पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताबारे जानकारी दिइएको हो । भेट्रान सिटी क्लब वीरगंजको आयोजनामा फागुन १७ गतेदेखि २४ गतेसम्म आदर्शनगर रंगशालामा वीरगंज गोल्डकप हुन लागेको हो ।

आठ वटा फुटबल क्लब सहभागिता प्रतियोगिता नकआउट चरणमा खेलाइनेछ । भेट्रान सिटी क्लबका उपाध्यक्ष सागर समशेर जबराले मधेश प्रदेशमा फुटबल खेलको संस्कृति विकास गर्न दोस्रो वीरगंज गोल्डकप फुटबल प्रतियोगिता गर्न लागिएको बताए । प्रतियोगितामा सङ्कटा फुटबल क्लब, मच्छिन्द्र फुटबल क्लब, बागमती यूथ क्लब सर्लाही, नेपाल पुलिस क्लब, गरवाल डाइमण्ड फुटबल क्लब दिल्ली, एपिआई चर्च ब्वाइज युनाइटेड, काठमाडौं, सलहेश फुटबल क्लब सिराहा र आयोजक वीरगंज युनाइटेड क्लबले प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिताको विजेता टोलीलाई नगद ११ लाख ११ हजार एक सय एघार रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र र उपविजेता हुने टोलीलाई पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँ नगद, ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरिने छ ।

प्रतियोगिताका सर्वोत्कृत खेलाडीलाई ईलेक्ट्रिक स्कुटी, बेष्ट किपरलाई २० हजार, बेष्ट कोचलाई २० हजार र प्रत्येक प्लेअर अफ दी म्याचलाई १० हजार रुपैयाँ प्रदान गरिने संयोजक सुबोधकुमार श्रीवास्तवले जानकारी दिए । खेल हेर्न दर्शकका लागि एक सय रुपैयाँको टिकट काट्नु पर्ने आयोजकले जनाएको छ । प्रगियोगितामा प्रत्येक दिन करिब ३ हजार दर्शक आउने अनुमान गरिएको छ । प्रतियोगिता सम्पन्न गर्नका लागि करिब एक करोड ७ लाख खर्च लाग्ने आयोजकले जनाएको छ ।

प्रथम संस्करणको वीरगंज गोल्डकप(२०८०)को उपाधि नेपाल पुलिस क्लबले उचालेको थियो भने उपविजेताको रूपमा नेपाल आर्मी क्लब रहेको थियो । दोस्रो वीरगंज गोल्डकपमा आर्मी क्लबको सहभागिता नरहेको आयोजकले जनाएको छ ।

## सम्पादकीय

# वीरगंजमा फेरि फोहोरकै समस्या ?

*पछिल्लो समय कल्पना गरे भन्दा बढी जादूमयी ढंगले सफा देखिएको थियो वीरगंज महानगर । एकाएक वीरगंज यस्तो सफा कसले बनाएको होला भनेर जो कोही वीरगंज पुग्दा सोच्ने गर्थे । अझ साँझ त झनै वीरगंजको झिलिमिलीको रौनक नै अर्कै थियो । यस्तो पनि गर्न सकिँदो रहेछ नि, चाहे भने भनेर धेरैले वीरगंज महानगरका पिता राजेशमान सिंहको तारिफ नै गरेका थिए । एकाधलाई मात्र वीरगंज सफा हुँदा मेयरलाई गाली गर्ने मसला नभएर पिर परेको थियो । नत्र आम महानगरबासी र वीरगंज पुग्ने नयाँ अनुहारलाई वीरगंज बदलिएकामा तस्बिर खिचौँ–खिचौँ, सामाजिक सञ्जालमा वीरगंज महानगरका पिताको प्रशंसा गरौँ–गरौँ नै हुन थालेको थियो । सफा शहरको परिचयमा वीरगंज पनि पर्न थालेको थियो । तर त्यही वीरगंज पछिल्लो केही हप्तादेखि फेरि फोहोरको थुप्रोमा हराउन थालेको छ । अब वीरगंजमा फोहोरको थुप्रोले सफा शहर वीरगंजको परिचय छोपिन्छ कि, छेकिने भन्ने अवस्थामा वीरगंज पुगेको देखिन्छ । यसो हुनुमा फोहोर उठाउने काम रोकिएर हो, काम किन रोकियो, महानगरबासीले थाहा नपाएर हो ।*

*हो, वीरगंज फेरि फोहोर भयो है भनेर एकाएक वीरगंज महानगरबासीले स्थानीय सरकारको ध्यानाकर्षण गराएका छन् । वीरगंज महानगरलाई सफा र स्वच्छ बनाउने काममा सफलता पाएका महानगर प्रमुख राजेशमान सिंहले देखिने काम गरेको भनेर बोध भइरहँदा सफा शहरमा फेरि फोहोर थुप्रिन थालेपछि दुर्गन्ध बढ्ने नै भयो । यसले विरोध गर्न मसला खोजिरहेकाहरुलाई र फोहोरमा रमाउन चाहने लामखुट्टेलाई पनि हौसला हुने नै भयो । महानगरको नाममा दैनिक जनताको घरदैलोमा फोहोर उठाउन आउने चार वटा ट्रयाक्टर खोइ भन्दै जनताले पनि प्रश्न गर्ने नै भए । फोहोर संकलन गरिरहेका ट्र्याक्टर बिरामी नै परेजसरी हराएपछि फोहोर र फोहोरको किरा रमाउँदा हीराजस्तो हुन लागेको वीरगंजमा फेरि किराको दुर्गन्धित शासनले यसपटक सबैलाई झस्काएको छ । गर्मी नबढ्दै बढेको लामखुट्टे र दुर्गन्धले गर्मीमा वीरगंज पूरै प्रदूषित पो हुन्छ कि भनेर संशय हुने नै भयो । महानगर प्रमुखले थाहै नपाएका होलान् त भनेर चासो बढ्ने नै भयो ।*

*जे होस्, पछिल्लो एक महिनादेखि फोहोर संकलन रोकिएको हो । यसरी फोहोर थुप्रिन थालेपछि जाडो नघट्दै लामखुट्टेले सताउन थालेको छ । फोहोरले शहर दुर्गन्धित भएको छ भने चोकमा निस्कन पनि समस्या हुन थालेको छ । चोकमा फोहोरको थुप्रोले सुन्दर र सफा शहरको परिचय पत्र लुकाउनु पर्ने अवस्था भएको छ । महानगर प्रमुख राजेशमान सिंह केही हप्ता पारिवारिक काममा सरिक भइरहँदा पो कतै महानगर प्रशासन कमाण्ड गर्ने संयन्त्र सक्रिय नभएको हो कि भन्ने प्रश्न उब्जिएको छ । यसैले पो फोहोर बढेको हो कि भन्ने सबैलाई परेको छ । फोहोर व्यवस्थापनमा चुनौती थपिएको छ । तत्काल फोहोर व्यवस्थापनमा पहल गर्न महानगरबासीले फेरि पनि महानगर पितालाई सक्रिय भइदिन अपिल गरेका छन् ।*

# पढ्ने उमेरमै आमा बन्नुका पीडा

**रामचन्द्र रायमाझी**

पाल्पाको माथागढी गाउँपालिका बहादुरपुरकी यमिश्वर जर्घाको १५ वर्ष हुँदा प्रेमविवाह भयो । अहिले उनी २४ वर्षकी भइन् । उनको काखमा एक वर्षको छोरा छन् । विद्यालयमा कापी–कलम लिएर पढ्न जाने समयमा जर्घा बच्चा स्याहार्दै घर व्यवहार चलाउँदै आएकी छिन् । कक्षा पाँचमा पढ्दै गर्दा उनको विवाह भएको हो । हाँस्दै खेल्दै पढ्ने उमेरमा जर्घा एक सन्तानकी आमा छिन् ।

जिल्लाकै निस्दी गाउँपालिका मित्यालकी शान्ति सारूको १३ वर्ष हुँदा मागी विवाह भयो । अहिले उनी २२ वर्षकी छिन् । सारूका चार वर्षका छोरा छन् । उनलाई अहिले सानैमा विवाह भएकोमा पछुतो छ । उमेर नपुगी विवाह भएकाले उनले आफ्ना धेरै चाहनालाई मनभित्रै खुम्च्याउनुपरेको छ । 'बिहे गर्दिनँ भन्न कहाँ पाइन्थ्यो र ! घरपरिवारको चाहनाअनुसार बिहे गर्नुपर्थ्या◌ै,आफूलाई परेका हिंसाबारेमा पनि बोल्न सक्दिनथेँ। आफूसरहका धेरैजसो साथीको सानैमा विवाह भएको थियो । मेरो बालविवाह भएको अहिले बल्ल महसुस हुन्छ,' उनले भनिन् ।

उनीजस्तै जिल्लाका धेरै किशोरी आमा बनेका छन् । तराईमा व्याप्त रहेको भनिने बालविवाह पहाडी क्षेत्रमा पनि कम छैन । पढ्ने उमेरका यी किशोरीको काखमा



छोराछोरी, टाउको सिन्दुर, गला पोते र हात राता चुराले भरिने गरेका छन् । अधिकांश बालिका विवाह गरेको एक–डेढ वर्षमै गर्भवती हुने गर्दछन् ।

जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको तथ्यांकअनुसार जर्घा र सारू जस्तै पाल्पाका गर्भवती महिलामध्ये करिब १३ प्रतिशत बिहे गर्नका लागि नेपालको कानुनले तोकेको न्यूनतम उमेर २० वर्षभन्दा कमका छन् । बितेका तीन आर्थिक वर्षमा कुल १३ हजार ९९८ गर्भवती महिलामध्ये एक हजार ७८१ जना २० वर्षमुनिका अर्थात् १२.७२ प्रतिशत थिए । स्वास्थ्य कार्यालयका प्रमुख टुकप्रसाद पोखरेलका अनुसार स्वास्थ्य संस्थामा गर्भ जाँच गर्न जाने महिलाको उमेर हेर्दा यो अवस्था देखिएको हो । कति गर्भवती स्वास्थ्य संस्थामा नआएका हुन सक्ने भएकाले यो मात्रा बढ्न सक्ने पोखरेलले बताए ।

विगत तीन आवमा भएका गर्भवतीमध्ये उमेर नपुगेका निस्दी गाउँपालिकामा सबैभन्दा बढी अर्थात् २५ प्रतिशत थिए । तिनाउ गाउँपालिकामा २३, माथागढी गाउँपालिकामा २१, रैनादेवी छहरा गाउँपालिकामा १९, रामपुर नगरपालिकामा १५, रिब्दीकोट गाउँपालिकामा १४, पूर्वखोला गाउँपालिकामा १३, रम्भा गाउँपालिकामा ११, बगनासकाली गाउँपालिका र तानसेन नगरपालिकामा आठ प्रतिशत किशोरी आमा बनेका हुन् ।

**बालविवाहका कार्यक्रम असफल**

यहाँका स्थानीय तहले बालबालिकाका क्षेत्रमा कार्यक्रम तय गरेका त छन्, तर ती सबै असफलजस्तै भएका छन् । आफ्नो पालिकालाई 'बालमैत्री' घोषणा गर्ने होडबाजीमा उनीहरू छन् । बालबालिकाका नाममा यहाँका पाँचवटा पालिकाले तीन करोड आठ लाख रुपैयाँभन्दा बढी बजेटसमेत खर्च गरेका छन्, तर उपलब्धि भने शून्यजस्तै छ । २०७७ साल चैतमा लुम्बिनी प्रदेशमै पहिलो 'बालमैत्री' गाउँपालिका घोषणा गरेको बगनासकाली गाउँपालिकाले अहिलेसम्म 'बालमैत्री' कार्यक्रमका लागि एक करोड १९ लाख ५० हजार रुपैयाँ बजेट खर्च गरिसकेको भए पनि यहाँ बालविवाह रोकिएको छैन ।

यस्तै, रम्भा गाउँपालिकाले आफ्नो पालिकालाई ०७८ पुसमा बालमैत्री गाउँपालिका घोषणा गरेको थियो । यहाँ यससम्बन्धी कार्यक्रमका लागि अहिलेसम्म ५६ लाख ५० हजार रुपैयाँ रकम खर्च भएको छ । गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बालविवाह हुने दर घटाउन सफल भएको दाबी गरे पनि यहाँ अझै पनि लुकिछिपी बालविवाह भइरहेका छन् ।

सबैभन्दा बढी किशोरी आमा बनेको निस्दी गाउँपालिकाले ०७९ भदौदेखि सातवटै वडामा विभिन्न बालमैत्री कार्यक्रम चलाएको छ । त्यसका लागि अहिलेसम्म रु. ८७ लाख रकम खर्चिसकेको छ । बालविवाह केही मात्रामा घटे पनि रोकिएको छैन । 'हामीले जुन अठोट गरेका थियौँ त्यसको प्रतिफल प्राप्त भएको छ,' गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारूले भने । उनका अनुसार अघिल्लो आवमा पालिकाकाबाट बालविवाह गर्ने सात जोडीलाई फिर्ता गरिएको थियो । यहाँ मागीभन्दा भागी विवाह बढी गर्ने प्रचलन छ ।

रामपुर नगरपालिकालाई ०८३ मंसिरभित्र बालमैत्री घोषणा गर्ने तयारी छ । यससँग सम्बन्धित कार्यक्रमका लागि पालिकाले अहिलेसम्ममा २५ लाख रुपैयाँ रकम खर्च गरिसकेको छ । माथागढी गाउँपालिकामा बालविवाह चुनौतीको रूपमा रहेको छ । यहाँ पनि सानै उमेरमा छोरीलाई अर्काको घरमा पठाइदिने परम्पराले गर्दा यसो भएको हो । तिनाउ गाउँपालिकामा पनि बालविवाह पहिलेदेखि नै हुँदै आएको देखिन्छ । पालिकाले आगामी ०८३ सालभित्र बालमैत्री पालिका घोषणा गर्ने गरी कार्यक्रम अगाडि बढाएको छ । तानसेन नगरपालिकाले पनि बालबालिकाको क्षेत्रमा लाखौँ रकम खर्च गरे पनि बालविवाह रोक्न सकेको छैन ।

यहाँका ग्रामीण क्षेत्रमा अझै पनि बालविवाह कायमै छ । रैनादेवी छहरा गाउँपालिकाभित्र पनि बालविवाह हुने गरेको छ । यहाँ जनजाति, दलित, ब्राह्मण, क्षेत्रीको बसोबास छ । जनजाति, दलित समुदायभित्र करिब ४० प्रतिशत उमेर नपुग्दै विवाहबन्धनमा बाँधिने गरेको गाउँपालिकाले जनाएको छ । बालविवाह अन्त्य गर्नका लागि रिब्दीकोट गाउँपालिकाले खासै चासो देखाएको छैन ।

पूर्वखोला गाउँपालिकामा बालविवाहको अवस्था अत्यन्त चुनौतीपूर्ण रहे पनि त्यसलाई घटाउन सकिएको छैन । पालिका अध्यक्ष नुनबहादुर थापाले विगतदेखि नै बालविवाहले जरा गाडेकाले त्यसलाई घटाउन चुनौती रहेको बताए । यहाँ बसोबास गर्ने करिब ८० प्रतिशत मगर समुदायमा छिट्टै विवाह गर्ने परम्परा हट्न नसक्दा बालविवाह न्यूनीकरणमा अप्ठ्यारो परेको अध्यक्ष थापा स्वीकार्छन् ।

परिपक्व नहुँदै विवाह गरेका किशोर–किशोरीको जीवन कष्टकर बन्न थालेको छ । निस्दीको सरस्वती माविका प्रधानाध्यापक प्रदीप अर्यालले समाजले कम उमेरमा हुने विवाहलाई सहजै मान्यता दिँदा समस्या भइरहेको बताउँछन् । 'किशोरीले विवाहको जिम्मेवारी बोकेर कसरी पढ्न सक्छन्, पढाइ निरन्तर नहुँदा बिचैमा छोड्छन्, विवाहबाटै उनीहरूको जीवन बर्बाद हुन्छ,'उनी भन्छन्, 'नियमित विद्यालयमा हुने कार्यक्रममा बालविवाहविरुद्ध भएको व्यवस्थाबारे जानकारी दिन्छौँ, तर रोक्न सकिएको छैन ।'

बालविवाह कानुनी रूपमा अपराध भएकाले सरकारी र गैरसरकारी तवरबाट जनचेतना जगाउने विभिन्न कार्यक्रम गरिए पनि रोक्न सकिएको छैन । अधिवक्ता शिवप्रसाद देवकोटा जिल्लामा आउने अधिकांश मुद्दामा बालविवाह पनि रहेको बताउँछन् । उनले बालबालिकामा स्वास्थ्य समस्या, मानसिक समस्या, आर्थिक समस्या निम्तिने भएकाले यसलाई रोक्नु सबैको दायित्व भएको बताए । बालविवाह र कलिलैमा गर्भवती हुने समस्या अन्त्य गनुपर्नेमा उनको जोड छ ।

कम उमेरमा विवाह गर्दा पुन्य प्राप्त हुन्छ भन्ने अन्धविश्वास, गरिबी तथा विभेद, कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्नुजस्ता कारण बालविवाह हुने गरेको छ । बालविवाहका कारण शारीरिक, मानसिक रोगको सिकार, घरेलु हिंसा तथा विभेदमा वृद्धि, कम उमेरमा बच्चा जन्माउँदा आमा र शिशु दुवैको मृत्यु हुने खतरा, विवाहपछि पढाइ बिग्रनेजस्ता समस्या देखिएको छ । बालविवाह परम्परागत संस्कृति र जातीय व्यवस्थासँगै जोडिएको विषय भएकाले त्यस्ता कुसंस्कार र जातीय व्यवस्थालाई बदल्ने, छोरीको सशक्तीकरण गर्ने, समुदायसँग नजिक स्थानीय सरकार रहन्छ, उसले बालविवाहविरुद्ध अभियान सञ्चालन गर्ने, बालविवाह गर्ने–गराउनेलाई सामाजिक बहिष्कार गर्नुपर्ने आवाज उठ्न थालेको छ । रासस

# परोपकारमा रमाउँदै देवघाट गलेश्वर आश्रम

**नारायण अधिकारी**

पवित्र तीर्थस्थल देवघाटस्थित गलेश्वर आश्रममा गत माघको औँसीका दिन दुई हजार पाँच सयभन्दा बढीले मानिसले निःशुल्क भोजन गरे । यसैगरी माघे सङ्क्रान्तिको दिन पनि त्यत्तिकैको सङ्ख्याका भक्तजन एवं सर्वसाधारणलाई भोजन गराएको अभिलेख आश्रमसँग छ ।

त्यसो त दैनिक तीन सयबढीले यहाँ निःशुल्क भोजन गर्ने गर्दछन् । आश्रम पुग्ने जो कोही भोकै फर्किनु पर्दैन । बिहान १० बजेबाट दिउँसो १२ बजेसम्म र साँझ पाँच बजेबाट सात बजेसम्म यहाँ निःशुल्क भोजन गर्न पाइन्छ ।

सो आश्रममा एक सय ५५ वटा छुट्टाछुट्टै कुटी छन् भने साधक भवनमा ५५ वटा कुटीजस्तै कोठा छन् । हरेक कुटीमा खाना पकाउने भान्सा, सुत्ने कोठा र सँगै शौचालय बनाइएको छ । आश्रमका सञ्चालक महेन्द्रराज प्याकुरेलका अनुसार भक्तजन धेरै भएका बेला कुटी, धर्मशाला र सभाहलसमेतमा सुत्ने व्यवस्था गरिन्छ । उनले भने, 'एक हजार जनासम्मलाई निःशुल्क रूपमा सुत्ने व्यवस्था गर्न सक्छौँ ।'




कुटीमा ५० वर्षमाथिका ज्येष्ठ नागरिकहरु बस्दै आएका छन् । एउटा कुटीमा श्रीमान्–श्रीमती भए दुई जना र नभए एक जना मात्र बस्ने व्यवस्था मिलाएको छ । सञ्चालक प्याकुरेलका अनुसार देशभरबाट यहाँ आउने भक्तजन आश्रमको कुटीमा बस्छन् । उनीहरुको शेषपछि कुटीको माग गरेकालाई पालोअनुसार दिने गरिएको छ । कुटीमा बसेको कुनै शुल्क लाग्दैन । आफैँ पकाएर खान सक्नेले आफैँ खान्छन् भने नसक्नेको हकमा सामूहिक भान्सा (भण्डारा)मा गई निःशुल्क खाने प्रबन्ध मिलाइएको आश्रमले जनाएको छ ।

बाहिरबाट आएर थप कुटी बनाएर बस्न चाहनेका लागि निर्माण खर्च लिन थालिएको छ । हक हस्तान्तरण नहुने गरी कुटी बनाउन पाइने व्यवस्था भएअनुसार जम्मा दुई वटा बनाइएको छ ।

सो आश्रमअन्तर्गत वेदवेदाङ्ग संस्कृत विद्यापिठ सञ्चालित छ । देवघाटस्थित सो विद्यापिठमा कक्षा ६ देखि शास्त्री (स्नातक) तहसम्मको पढाइ हुनेगरेको छ । त्यहाँ अहिले दुई सय ३५ विद्यार्थी निःशुल्क रूपमा अध्ययन गरिरहेका छन् । यसैगरी आश्रमले देवघाटकै चितवनतर्फ ७५ जना क्षमताको ज्येष्ठ नागरिक विश्रान्ति कक्षसमेत सञ्चालन गर्दै आएको छ । न्यूनतम रकम लिएर यो आश्रम सञ्चालन गरिएको छ । वृद्धवृद्धालाई हीनताबोध नहोस् भन्नका लागि वार्षिक ४४ हजारदेखि रु ५० हजारसम्म शुल्क लिएर यो आश्रम सञ्चालन गरिएको सञ्चालक प्याकुरेलले जानकारी दिए ।

आश्रम सञ्चालनका लागि सालाखाला मासिक २० लाख खर्च हुने गर्दछ । यो रकम दाताको सहयोग र अक्षयकोषको व्याजबाट सञ्चालन हुनेगरेको छ । पितृको नाममा वार्षिक तर्पण तथा पिण्ड दान एवं जन्मदिनमा शिवपूजन, रुद्राभिषेक, हवन गर्दा भक्तजन एवं दाताबाट प्राप्त हुने रकम अक्षयकोषमा राख्ने गरिएको छ । अहिलेसम्म चार हजार दुई सय जनाले अक्षयकोषमा रकम जम्मा गरेको आश्रमले बताएको छ ।

विसं २०५३ सालमा खडा गरिएको अक्षयकोषमा रकम जम्मा हुनेक्रम जारी छ । अहिले गलेश्वर आश्रममा भण्डारा, विश्रान्ती आश्रम र विद्यालयमा गरी ४३ जनाले सेवा दिँदै आएका छन् ।

महामण्डलेश्वर स्वामी आत्मनन्द गिरीको संरक्षकत्वमा आश्रम सञ्चालन हुँदै आएको छ । विसं १९८० सालमा तपश्वी अष्टाङ्ग योगसिद्ध ईश्वरानन्द ब्रम्हचारी (गलेश्वर बाबा)ले आफ्नो साधनास्थलको रूपमा कालिगण्डकीलाई पछ्याउने क्रममा म्याग्दीबाट चितवनको देवघाट आएर कुटी निर्माण गरी आश्रमको शुरुवात गरेका हुन् ।

आश्रमका सचिव भोजराज पौडेलका अनुसार आश्रमअन्तर्गत करोडौँका संरचना निर्माण गरिएको र स्रोतसाधनले भ्याएसम्म आवश्यकताअनुसार संरचना निर्माणकार्यलाई निरन्तरता दिइने छ । आश्रम परिसरमा नौ करोडको लागतमा सिद्देश्वर महादेवको मन्दिर निर्माण गरिएको छ भने विद्यापिठ भवन १२ करोड बढी खर्च गरी बनाइएको छ ।

सचिव पौडेलका अनुसार ५० करोडभन्दा बढीका संरचना आश्रम परिसरमा दाता र सरकारी निकायको सहयोगमा बनेका छन् । बेणीदेखि गलेश्वर चोकसम्म नेपाली ढुङ्गा छापेर धार्मिक पर्यटकीयमार्ग बनाउन सरकारी निकायसहित विदेशी दुतावाससँग पहल भइरहेको आश्रमले जनाएको छ ।

पवित्र तीर्थस्थल देवघाटमा रही निश्वार्थ ढङ्गले मानव सेवामा समर्पित हुन पाएकोमा गर्व गर्दै गलेश्वर आश्रमका सञ्चालक महेन्द्रराज प्याकुरेलले भने,'भगवानको कृपा, साधुसन्त–माहात्मको आर्शीवाद, साहुमहाजन एवं चन्दादाताको अविस्मरणीय सहयोग, तमाम् भक्तजन, स्थानीय जनता र आमसर्वसाधारणको विश्वास र मायाका कारण अहिलेसम्म आश्रममा आए जतिलाई निःशुल्क भोजनसहित वृद्धवृद्धालाई कुटी र बालबालिकालाई स्नातक तहसम्मको शिक्षा दिन सकिएको हो । सेवा नै परमोधर्म हो भन्ने मान्यतालाई आत्मसाथ गरी समाजका असहाय, दीनदुखी, वृद्धवृद्धाको सहयोगमा समर्पित आश्रमलाई मन, वचन, कर्मले सहयोग गर्न सबैसँग अनुरोध गर्दछु ।' रासस

# भूकम्पपछिको पुनर्निर्माणले अब तिव्रता पाउँछः गृहमन्त्री



**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले भूकम्पपछिको क्षति आँकलन, पुनःनिर्माण र पुनःस्थापनालाई तीव्रता दिइएको बताएका छन् ।
सिंहदरबारमा विहीबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २९ औँ बैठकमा गृहमन्त्री लेखकले जाजरकोट, डोटी र बझाङमा भूकम्पपछिको क्षतिको आँकलन, पुनःनिर्माण र पुनःस्थापनालाई सरकारले तीव्र रूपमा अघि बढाएको जानकारी दिए । भूकम्पपछिको पुनःनिर्माण एवं पुर्नस्थापनाका लागि जाजरकोट, डोटी र बझाङमा पुर्ननिर्माण तथा पुनःस्थापना आयोजना कार्यान्वयन इकाइको कार्यालय उद्घाटनगर्ने तयारी गरिएको उनले जानकारी दिए ।
'हामीले बितेको ६ महिनामा विस्तृत क्षति आँकलन र नीजि घरको पुनःनिर्माण एवं पुनःस्थापन गर्न आवश्यक मापदण्ड बनाउने, नियमावली बनाउने र बजेट व्यवस्थापनको काम गरेका छौँ', गृहमन्त्री लेखकले भने,'त्यहाँ केन्द्रबिन्दु भएर गएका भूकम्पबाट नीजि घरमा भएको क्षति आँकलन गर्ने काम अगाडि बढ्नुका साथै पुनःनिर्माण र पुनःस्थापनको काम अगाडि बढाएका छौँ ।'
मन्त्रालयले गतवर्ष जाजरकोट र बझाङ केन्द्रविन्दु भएर गएको भूकम्पपछिको पुनःनिर्माणलाई प्रभावकारी रूपमा अघि बढाउने गरी कार्ययोजना ल्याएको छ । गृहमन्त्री लेखकले आगामी साता बझाङ, अछाम र जाजरकोट पुगेर पुनःनिर्माण तथा पुनःस्थापना आयोजना कार्यान्वयन इकाइको कार्यालय उद्घाटनका साथै त्यहाँको अवस्थाबारे जानकारी लिने गृहमन्त्रालयले जनाएको छ । रासस

# स्वास्थ्य सेवा ऐनको मस्यौदा अन्तिम चरणमा छः मन्त्री पौडेल

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य सेवा ऐनको मस्यौदा अन्तिम चरणमा रहेको बताएका छन् । व्यवस्थित स्वास्थ्य नीति बनाएर अघि बढ्नुपर्ने उल्लेख गर्दै उनले समग्र स्वास्थ्य क्षेत्रलाई लिएर नीति बनाउने काम भइरहेको बताए ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलमा आज २८औँ स्वास्थ्य सेवा दिवस २०८१ को अवसरमा आयोजित कार्यक्रममा मन्त्री पौडेलले भने, 'एकीकृत स्वास्थ्य सेवा ऐन नै ल्याउन खोजिएको हो । सबैलाई समेटेर लैजान खोजिरहेका छौँ । ऐनलाई सरोकारवालासँग छलफल गरेर निष्कर्षमा पु¥याउनुपर्नेछ । स्वास्थ्य सेवाभित्रका जनशक्तिका सबै विषय ऐनभित्र समेट्ने प्रयास गरिरहेका छौँ ।'
मन्त्री पौडेलले संघीयताभित्र रहेर स्वास्थ्य सेवा विस्तार गर्ने विषयमा काम गर्नुपर्ने बताए। उनले भने, 'स्वास्थ्यकर्मी दबाबमा रहेर काम गर्न



सक्दैनन् । काम गर्ने वातावरण निर्माण गर्नुप¥यो । जनशक्ति यहाँ बस्न चाहेका छैनन् । आवश्यक क्षमता अभिवृद्धि गर्ने वातावरण बनेको छैन, व्यक्तिगत उन्नयनको परिस्थिति सहज बनाइनुपर्छ । यो पनि स्वास्थ्य सेवा ऐनमा समावेश गर्नुपर्छ ।'
स्वास्थ्य मन्त्रालयका पूर्वसचिव रोशन पोखरेलले स्वास्थ्य सेवालाई विशेष बनाउन छुट्टै स्वास्थ्य सेवा ऐन बनाउनुपर्ने प्रतिक्रिया दिए। उनले भने, 'कर्मचारीलाई उत्प्रेरणा पनि आवश्यक छ । दरबन्दीको समस्या हल गर्नुपर्नेछ । संघीयतामा स्वास्थ्य सेवालाई कहाँ राख्ने त्यो स्पष्ट हुनुपर्छ । स्वास्थ्य सेवालाई एकै ठाउँमा नल्याउने हो भने यसको नतिजा राम्रो आउन सक्दैन ।'
मन्त्रालयका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख डा. कृष्णप्रसाद पौडेलले अरू क्षेत्रका तुलनामा स्वास्थ्यका विभिन्न सूचकमा उल्लेखीय प्रगति हुनु सुखद पक्ष भएको बताए । उनले भने, 'विभिन्न चुनौतीका बिचमा पनि स्वास्थ्यका सूचकमा राम्रो सुधार देखिएको छ । यद्यपि, अझै पनि दूरदराजमा स्वास्थ्य सेवा पु¥याउन सकिरहेका छैनौँ । स्वास्थ्यकर्मीमा उत्प्रेरणा जगाउन जरुरी छ । एकातिर जनशक्ति पुग्न नसकेको अवस्था छ भने अर्कोतिर जनशक्ति पलायन हुने चुनौती देखिएको छ ।'
नेपाल स्वास्थ्यकर्मी युनियनका अध्यक्ष उज्ज्वलकुमार शर्माले स्वास्थ्यकर्मीको दरबन्दी समाधान गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) आवश्यक रहेको बताए । उनले एकीकृत स्वास्थ्य सेवा ऐनमा सबै तहको कर्मचारीको सल्लाह लिएर बनाउनुपर्ने धारणा राखे । 'सर्वसुलभ स्वास्थ्य सेवाः निरोगी नेपाल हाम्रो प्रतिबद्धता' नारासहित विहीबार २८ औँ स्वास्थ्य सेवा दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । रासस

# शिक्षाको गुणस्तर वृद्धि गर्न सामूहिक प्रयास आवश्यक

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले शिक्षाको गुणस्तर वृद्धि गर्न सामूहिक प्रयास आवश्यक रहेकामा जोड दिएका छन् ।
विहीबारदेखि ललितपुरमा आयोजित नेपाल अङ्ग्रेजी भाषा शिक्षक सङ्घको २९औँ अन्तरराष्ट्रिय सम्मेलनमा उनले पाठ्यक्रम विकास,शिक्षक तालिम र समयसापेक्ष नीति निर्माण गरी शिक्षाको गुणस्तर वृद्धि गर्न सामूहिक प्रयास आवश्यक पर्ने बताए ।
विगतमा भन्दा अहिले शिक्षाको क्षेत्रमा सकारात्मक परिवर्तन आएको भन्दै उपप्रधानमन्त्री सिंहले मुलुकभित्रै गुणस्तरीय शिक्षा लिनसक्ने अवस्था बन्दै जानु सुखद पक्ष रहेको उल्लेख गरे । शैक्षिक नीति सुधारमा अङ्ग्रेजी भाषासम्बन्धी नीति निर्माण गरी सकारात्मक परिवर्तनका क्षेत्रमा योगदान गर्न पनि उनले सङ्घलाई आग्रह



गरे ।
'नयाँ शैक्षिक नीतिको निर्माण, पाठ्यक्रम विकास, शिक्षक तालिम र नीति पैरबीमार्फत शिक्षाको गुणस्तर वृद्धि गर्न सामूहिक प्रयास जरुरी छ । पाठ्यक्रम, सिकाइ सामग्री, शिक्षण विधिमा निरन्तर सुधार सुनिश्चित गर्न हामीले शिक्षा, विज्ञान र प्रविधि मन्त्रालयसँग सहकार्य गर्दै काम गर्नुपर्छ', उपप्रधानमन्त्री सिंहले भने ।
सन् १९९२ मा स्थापना भएदेखि नेपालमा अङ्ग्रेजी भाषा शिक्षालाई अगाडि बढाउन सङ्घले निर्वाह गरेको भूमिकाको उपप्रधानमन्त्री सिंहले प्रशंसा गर्दै देशको दुर्गम क्षेत्रमा अङ्ग्रेजी भाषाको शिक्षा र सिकाइलाई अभिवृद्धि गर्नमा थप भूमिका खेल्न आग्रह पनि गरे । ललितपुरमा विहीबारदेखि शुरु भएको सम्मेलन तीन दिनसम्म सञ्चालन हुने आयोजकले जनाएको छ । रासस

# काठमाडौँ महानगरपालिकाले 'काठमाडौँ शैक्षिक मेला' गर्दै

**काठमाडौँ ।**
काठमाडौं महानगरपालिकाले यही फागुन १६ र १७ गते प्रदर्शनी मार्गस्थित राष्ट्रियसभागृहमा 'काठमाडौं शैक्षिक मेला' आयोजना गर्ने भएको छ । महानगरपालिकाद्वारा थालिएका कार्यक्रमबाट विद्यार्थीमा परेको प्रभाव, यसबाट उनीहरूले सिकेका ज्ञान र सीपहरूको प्रस्तुति तथा प्रदर्शनीका लागि मेला आयोजना गर्न लागिएको हो ।
बिहीबार आयोजित पत्रकार सम्मलेनमा महानगरका प्रवक्ता नवीन मानन्धरले विद्यालय शिक्षाको नवप्रवर्तन तथा स्तरोन्नतिका लागि मेला आयोजना गर्न लागिएको जानकारी दिए । विद्यालय शिक्षालाई वैज्ञानिक र व्यवहारिक तथा विद्यार्थीको रुचिका साथै अभिभावकको चाहनाअनुरुप सञ्चालन गर्न सामुदायिक विद्यालयबाट विभिन्न कार्यक्रममार्फत प्रयास थालिएको उनले बताए ।
मेलामा महानगरभित्र सञ्चालित विद्यालयमा शैक्षिक गुणस्तर सुधारसँगै बालबालिकाको शैक्षिक, शारीरिक, मानसिक, चारित्रिक विकास, विद्यालयको पूर्वाधार, शिक्षकको क्षमता विकासलगायत कार्यक्रम समावेश गरिने छ । साथै मेलामा महानगरको सहरी योजना आयोग, शिक्षा विभाग, स्रोत शिक्षक, प्रधानाध्यापक र शिक्षकहरूले सहजीकरण गर्नेछन् ।
विभिन्न ३५ वटा शैक्षिक उपसमूहका स्टल रहने मेलामा शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा स्वदेशी एवं विदेशी पाहुनाको सहभागिता रहने आयोजकले जनाएको छ । प्रदर्शनी तथा प्रस्तुतिमा विद्यार्थीहरूले नविनतम सिकाइ गतिविधि प्रदर्शन गर्ने जनाइएको छ । नेपाल भाषा, मौलिक संस्कृति, भेषभूषा झल्काउने प्रदर्शनी, मौलिक बादन तथा गायनलगायत प्रस्तुति समावेश गरिनेछ ।
विद्यार्थी नमूना संसद् अभ्यास, विद्यालय शिक्षा सुधारसम्बन्धी छलफल, 'बुक फ्री फ्राइडे'को बाबा उपसमूहअन्तर्गत मरुहिटी पानीको गुण जाँच तथा प्रविधिमार्फत सिकाइको प्रदर्शनी, विद्यार्थीका अनुभूति




कोरिएका एक हजार बढी 'स्केचिङ'को नमूना प्रदर्शनी, नतिजा सुधारका असल अभ्यासको आदानप्रदान तथा महानगरका शैक्षिक गतिविधिको जानकारीका लागि सूचना केन्द्रको व्यवस्था गरिने प्रवक्ता मानन्धरले जानकारी दिए ।
उनका अनुसार मेलामा शैक्षिक क्रियाकलापका नविनतम आयामका विषयमा पृष्ठपोषण लिन गोलमेच छलफल गरिनेछ । महानगरभित्र ८७ सामुदायिक विद्यालयमा ६१ हजार तीन सय २९ विद्यार्थी र पाँच सय २४ संस्थागत विद्यालयमा दुई लाख १० हजार नौ सय ३४ विद्यार्थी अध्ययनरत छन् ।
महानगरका सहरी योजना आयोगका सदस्य शैलेन्द्र झाले विद्यालय शिक्षाको विकास, स्तरोन्नति र गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले महानगरले अहिले अनुसन्धानमा आधारित लगानी बढाएको बताए । उनका अनुसार यसबाट प्रारम्भिक बाल विकास सुधार, पूर्वाधार विस्तार, शिक्षक क्षमता अभिवृद्धि, शैक्षिक सामग्रीको उपलब्धता र उपयोगिता अभिवृद्धि, शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग, बुक फ्री फ्राइडे (एकीकृत सिकाइ, सिर्जनात्मक सिकाइ र शिक्षामा सीप), टिचर कलेज प्रोग्राम, नतिजा सुधार कार्यक्रम सञ्चालन भइरहेका छन् ।
विद्यालयको पूर्वाधार र शैक्षिक वातावरणका लागि बहुवर्षे कार्यक्रमअन्तर्गत महानगर गौरव योजनामा 'गरी खाने शिक्षा, महानगरपालिकाको इच्छा' कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । यस्तै, नियमित र प्राथमिकतामा राखिएको महानगर स्वर्णिम योजनाअन्तर्गत 'सुन्दर विद्यालय परियोजना' र 'रचनात्मक विद्यालय' कार्यान्वयनमा ल्याइएका छन् । रासस

# घृणाको राजनीति फैलाउने कार्य नियन्त्रण हुन्छः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक मर्यादाहरु ध्वस्त बनाएर घृणाको राजनीति फैलाउने र परिवारकै बीचमा पनि अविश्वास पैदा गर्ने जस्ता कामहरु नियन्त्रण गरिने बताएका छन् ।
महान्यायाधिवक्ताको कार्यालयद्वारा विहीबार आयोजित डिजिटल अपराधसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले मानवीय सुख र समृद्धिका लागि डिजिटल प्रविधिको प्रयोग हुनुपर्ने भएकाले अधिकारको प्रयोगका नाममा समाजलाई विकृत बनाउने छाडातन्त्रलाई रोक्न कानुन ल्याएको बताए ।
उनले सरकारले सामाजिक सञ्जाल प्रयोगको अधिकारमा तलमाथि हुने गरी कुनै कानुन नबनाउने स्पष्ट गर्दै कार्यान्वयनको दश वर्ष पुगेको अवस्थामा संविधानको समीक्षा गर्दै आवश्यक संशोधन गरिने बताए । डिजिटल युगमा कुनै मुलुकको एक्लो प्रयासले अपराध नियन्त्रण प्रभावकारी नहुने भएकाले यसमा अन्तर्राष्ट्रिय सहयोग आदानप्रदान आवश्यक हुनेमा जोड दिँदै प्रधानमन्त्री ओलीले डिजिटल प्रविधिको प्रयोग गरेर वा नगरेर अपराध हुन सक्ने र यसको अनुसन्धानका लागि विद्युतीय प्रविधि प्रयोगको सुविधाले अपराध नियन्त्रणमा अन्तर्राष्ट्रिय सहयोग आदान–प्रदान सहज हुने बताए । प्रधानमन्त्री ओलीले विज्ञान र प्रविधिले मानिसलाई सहज र सरल बनाइ सुख सुविधा दिने भएकाले यसको दुरुपयोगका कारण सभ्य समाजका लागि अपराध नियन्त्रण चुनौतीपूर्ण बनेको उल्लेख गर्दै लोकतन्त्रमा सबै मानव जातिले सुविधा पाउनुपर्छ भन्नेमा सरकार स्पष्ट रहेको बताए ।
'बिसौँ शताब्दीले नयाँनयाँ आविष्कार दिएको छ । तर त्यसको दुरुपयोग पनि भएको छ ।



अपराधका क्षेत्रमा सङ्गठित प्रयास भएका छन् । हामीले एआइ र डिजिटल प्रविधिको प्रयोग गरेर अपराध हुन नपाउने परिस्थिति निर्माण गर्नुपर्छ र अपराध भइहालेमा वस्तुनिष्ठ अनुसन्धान गरेर निष्पक्ष न्याय निरुपण गर्न सक्नुपर्छ,' प्रधानमन्त्री ओलीले भने, 'अहिले डिजिटल प्रविधिको सदुपयोग मात्र भइरहेको छैन । दुरुपयोग र अपराध कर्म पनि भइरहेको छ । अपराध रोक्न र प्रभावकारी न्याय दिन यस्ता सम्मेलनले भूमिका खेल्नेछन् भन्ने मैले विश्वास लिएको छु ।'
प्रधानमन्त्री ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय गन्तव्य प्राप्ति गर्न सुशासन प्राप्ति तथा जनताको सामाजिक र आर्थिक अधिकारको प्रयोग आवश्यक पर्ने तर यी कुनै पनि अधिकारको दुरुपयोग हुन नहुने बताए ।
उनले भने, 'विकास भएको छ तर अहिले भएको विकासबाट हामी सन्तुष्ट छैनौँ । कुनै पनि बेथितिबाट हामी सुशासन र समृद्धि प्राप्त गर्न सक्दैनौँ । जनतालाई हरेक हिसाबले जैविक र आधारभूत अधिकार सम्पन्न बनाउन हामी अझ अगाडि बढ्न चाहन्छौँ । हामी पूर्ण लोकतन्त्र चाहन्छौँ । हाम्रा सबै सामाजिक प्रबन्धले मानवीय सुख र सहज आपूर्तिको परिपाटी बसाउनुपर्छ । देशलाई पछ्यौटेपनबाट अगाडि बनाउने प्रयासलाई हामी सफल बनाएर छाड्ने छौँ ।'
महान्यायाधिवक्ता रमेश बडालले आपराधिक घटनामध्ये डिजिटल प्रयोगबाट अपराध हुने क्रम बढ्दो रहेको र सामाजिक सञ्जाल दुरुपयोगका साथै डिजिटल ठगी, वित्तीय अपराध तथा डाटा सुरक्षा चुनौतीपूर्ण भएको बताए । कार्यक्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई,अन्तर्राष्ट्रिय अभियोजकको संस्थाका जेनरल कन्सुलर शेनेज मुजाफ्फरलगायत सहभागी थिए । रासस

# गलेश्वरमा ५१ लाख रुपैयाँ भेटी संकलन



**म्याग्दी ।**
जिल्लाको बेनी नगरपालिका–९ स्थित धार्मिकस्थल गलेश्वर मन्दिरमा चालु आर्थिक वर्षको हालसम्म ५१ लाख रुपैयाँ बढी भेटी संकलन भएको छ ।
गत साउनदेखि यहीँ फागुन १४ गतेसम्म पूजाआजा र दर्शनका लागि आएका भक्तजनहरूले ५१ लाख २२ हजार एक सय ५३ रुपैयाँ भेटी चढाएका गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ ।
कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले यो वर्ष भक्तजनको आगमनसँगै भेटी पनि बढेको बताए । उनका अनुसार गत आव २०८०÷८१ मा ५८ लाख ४० हजार पाँच सय १० रुपैयाँ भेटी संकलन भएको थियो ।
यस वर्ष नियमिततर्फ २५ लाख १५ हजार पाँच सय ४७ रुपैयाँ तथा मेलापर्व र विशेष अवसरमा गरी २६ लाख छ हजार छ सय छ रुपैयाँ भेटी संकलन भएको रेग्मीले जानकारी दिए ।
बुधबारको महाशिवरात्रि पर्वमा चार लाख ३३ हजार सात सय ७४ रुपैयाँ, मङ्सिरको बालाचर्तुदशीमा छ लाख ६१ हजार दुई सय ९४ रुपैयाँ र साउने सोमबारको मेलामा १५ लाख ११ हजार पाँच सय ३८ रुपैयाँ भेटी संकलन भएको कोषका कोषाध्यक्ष कुमारी पुनले जानकारी दिए ।
शिवरात्रि पर्वको भेटी विहीबार कोषका पदाधीकारी, जनप्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधिको उपस्थितिमा गनेर सार्वजनिक गरिएको हो । अन्य शीर्षकमा २१ लाख ४२ हजार पाँच सय २९ रुपैयाँसहित कोषले साउनदेखि हालसम्म ७२ लाख ६४ हजार छ सय ८२ रुपैयाँ आम्दानी गरेको कोषका कार्यालय सचिव राम बानियाँले बताए । मन्दिरको आम्दानी कार्यालय, पूजा व्यवस्थापन, मन्दिरका पुजारी, ज्येष्ठ नागरिकको आश्रमका भान्सेको तलबका साथै संस्कृत विद्यालय सञ्चालनमा परिचालन गरिएको कोषले जनाएको छ । गलेश्वरमा भक्तजनले चढाउने भेटी मेलाको भोलिपल्टै र अन्य समयमा मासिक रूपमा गणना गरेर सार्वजनिक गर्ने गरिएको सचिव बानियाँले बताए ।
नियमित पूजाबाट तथा महायज्ञबाट संकलन भएको भेटी, तीर्थयात्रीद्वारा दिइएको दानबाट पछिल्लो १२ वर्षको अवधिमा करिब ११ करोडको लागतमा विभिन्न भौतिक पूर्वाधार निर्माण भएको कोषका उपाध्यक्ष बमबहादुर पुनले बताए । उनका अनुसार धर्मशाला, सभाहल, वाटिका, यज्ञशाला, पाठशाला, पुजारी निवास, भोजनालय, कालीगण्डकीसम्म पुग्ने मार्ग, एक सय आठ शिवलिङ्ग, जडभरत, नटराज र लक्ष्मी नारायणको मूर्ति स्थापनालगायत भौतिक संरचना निर्माण भएका हुन् ।
कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको चट्टानमाथि अवस्थित गलेश्वर शिवालय क्षेत्र हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ ।
हिन्दुधर्म ग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउनको सोमबार, बालाचर्तुदशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्ने गर्दछ ।
साथै यहाँ दैनिक नित्य पूजाआजा हुने गर्दछ । गलेश्वर दर्शन र पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास रहेको छ । रासस

# कृषिमा यान्त्रिकीकरणले व्यावसायिक खेती गर्ने बढ्दै

**कञ्चनपुर ।**
कृषिमा यान्त्रिकीकरण हुन थालेपछि कञ्चनपुरमा व्यावसायिक खेती गर्ने किसानको संख्या बढ्न थालेको छ । खेत जोत्नका लागि आधुनिक ट्याक्टर, पावर टिलर, मिनी टिलरलगायतको प्रयोग हुन थालेपछि युवाहरूको आकर्षण कृषितर्फ बढ्न थालेको हो । कृषिमा यान्त्रिकीकरणलाई बढावा दिन प्रधानमन्त्री आधुनिकीकरण परियोजनाले पनि महत्वपूर्ण भूमिका खेलेको छ ।
कृषि यान्त्रिकीकरणले कार्यबोझ घटाउने, थोरै समयमा धेरै कार्य गर्न सकिने, लागत खर्च घट्ने, जमिनको उत्पादकत्व बढाउने, जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न सहयोग पु¥याउने भएकाले यसतर्फ किसानको आकर्षण बढ्दै गएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ कञ्चनपुरका प्रमुख सञ्जु उपाध्याय रिमालले बताइन् ।
किसानलाई सरकारी तवरबाट आधा मूल्यमै अनुदानमा कृषि उपकरण तथा औजार उपलब्ध गराउने व्यवस्था भएसँगै निकै सहज रूपमा कृषिजन्य कार्य गर्न सकिएको उनले बताइन् । रिमालका अनुसार परियोजनाबाट आर्थिक वर्ष ०७३÷७४ देखि चालु आवसम्म जिल्लाका विभिन्न ठाउँमा गरी १० वटा कष्टम हायरिङ सेन्टर स्थापना गरी किसाानलाई सहुलियत दरमा कृषियन्त्र तथा उपकरणका माध्यमबाट सेवा प्रदान गरिँदै आएको छ ।



धान सुपरजोन कार्यक्रम लागू भएका क्षेत्रमा स्थापना भएका सेन्टरबाट किसानले बजार दरभन्दा २० प्रतिशत सहुलियतमा कृषि औजार तथा उपकरण प्रयोग गरिरहेका छन् । जसकारणले उत्पादन लागतमा कमी आउनाका साथै कार्यबोझमा निकै कमी आएको पाइएको उनको भनाइ छ । केन्द्रलाई सातवटा ट्याक्टर, २२ वटा पावर टिलर, ११ वटा रिपर, दुईवटा ड्रन रिपर, पाँचवटा ट्याक्टर ट्राली, सात रोटाभेटर, लेजर ल्यान्ड लेभलर एका, धान थ्रेसर सात, गहुँ थ्रेसर पाँच, डिस्क ह्यायारो चारा, मल्टिक्रप सिड ड्रिल चार र पाँचवटा राइस ट्रान्सप्लान्ट अनुदानमा उपलब्ध गराइएका छन् ।
यसैगरी, केज ह्विल आठ, पावर स्प्रेयर डबल पिस्टन दुई, इलेक्ट्रोनिक स्प्रेयर एक र एक वटा रिपर हारभेष्टर अनुदानमा उपलब्ध गराइएको छ । योसँगै धान सुपर जोन तथा गहुँ जोन क्षेत्रभित्रका ६८ कृषक समूह, सहकारी संस्था, कृषि फार्मलगायतलाई ११८ कृषियन्त्र तथा उपकरण अनुदानमा उपलब्ध गराइएको कार्यालय प्रमुख उपाध्यायको भनाइ रहेको छ। 'कृषि यान्त्रिकीकरण प्रवद्र्धन भई जनश्रमबाट हुने गरेको धान तथा गहुँ कटाइको कार्य रिपर मेसिनबाट हुन थालेको छ', उनले भनिन्, 'छरुवा धान खेतीसँगै मेसिनबाट धान रोपाइँ गर्न सहज भएपछि नियमितका साथै चैते धानखेतीप्रति आकर्षण बढेको छ ।'
परम्परागत विधिबाट खेती गर्दा औसतमा एक हेक्टर क्षेत्रफलमा ९० हजार रुपैयाँ खर्च लाग्ने भएकामा छरुवा धानखेती प्रविधिमार्फत खेती गर्दा औसतमा ५४ हजार रुपैयाँ उत्पादन लागत रहेको पाइएको छ । मेसिनबाट धान रोपाइँ प्रविधितर्फ कृषकहरूको आकर्षण बढेकाले आव २०८०÷८१ मा ३५ हेक्टर क्षेत्रफलमा मेसिनबाट धान रोपाइँ कार्यक्रम सञ्चालन गरिएको परियोजना कार्यान्वयन एकाइले जनाएको छ । कृषि क्षेत्रमा भइरहेको श्रमशक्तिको अभाव र कष्टप्रद श्रमभार जस्ता समस्याहरू समाधान गर्न कृषिमा यान्त्रिकीकरण गर्नु अत्यावश्यक भएको रिमालको भनाइ छ । परियोजनाअन्तर्गत जिङ्क, बोर्लोग, आदित्यलगायत उन्नत जातका गहुँ सिड ड्रिल तथा सुपर सिडर मेसिनको प्रयोगमा किसानको आकर्षण बढेको छ ।
उनले आव २०८०÷८१ मा १२५ दशमलव ६६ हेक्टरमा विजय, आदित्य, वी एल–४३४१, वाणगङ्गा जातका गहुँखेती प्रवद्र्धन गरिएको बताइन् । चालु आवमा ७३ हेक्टर क्षेत्रफलमा गहुँ बीउ उत्पादन भइरहेको छ ।
कृषियन्त्र र उपकरणकै कारण हिउँदे तथा वसन्ते मकैको खेतीप्रति कृषकको आकर्षण बढेको छ । चालु आवमा मात्रै १५१ हेक्टरमा हिउँदे तथा वसन्ते मौसममा रामपुर हाइब्रिड–१०, रामपुर हाइब्रिड–१२ र अरुण–२ लगायतका जातको मकैखेती प्रवद्र्धन गरिएको छ । कृषिमा महिलाहरूको कष्टप्रद श्रमभार घटाउन यान्त्रिकीकरणले सघाउ पु¥याएको शुक्लाफाँटा नगरपालिका कृषि शाखाका प्रमुख करन बुढाएर बताउँछन् । कृषि क्षेत्रमा निजी, सहकारी एवं युवावर्गको आकर्षण बढाउन यस कार्यले सहयोग पु¥याएको उनको ठहर छ ।
कृषिको आधुनिकीकरणका लागि कृषि यान्त्रिकीकरण नै मुख्य माध्यम रहेको चर्चा गर्नु हुँदै बुढाएरले यसको प्रयोगले मानवीय श्रमभार न्यूनीकरण, कृषि श्रमिकको अभावपूर्ति, उत्पादकत्वमा वृद्धि, समयमै कृषिकर्म सम्पन्न गर्नाको साथै रोजगारीको अवसर पनि सिर्जना हुने बताए । 'पछिल्लो समय विदेशबाट फर्किएर आधुनिक तरिकाबाट कृषि उत्पादनमा लाग्ने युवाले कृषियन्त्र, उपकरण र प्रविधिको प्रयोगलाई बढावा दिन थालेका छन । त्यसका लागि नगरपालिकाबाट सहकार्य र समन्वय भइरहेको छ', उनले भने । हाल कृषि ज्ञान केन्द्र र कृषि निर्देशनालयलगायतले व्यावसायिक खेती गर्ने किसान,कृषि फार्म, समूह, सहकारीमार्फत कृषि औजार तथा उपकरणमा ५० प्रतिशत अनुदान दिँदै आएका छन् । रासस

# जापानमा जन्मदर नयाँ ऐतिहासिक न्यूनस्तरमा



**टोकियो ।**
जापानमा युवाहरूले विवाह गर्न ढिलाइ गर्दै गर्दा र वृद्ध जनसंख्या बढ्दै जाँदा लगातार नवौँ वर्ष घट्दै गएर सन् २०२४ मा जन्मदर फेरि रेकर्ड न्यूनस्तरमा पुगेको बिहीबार सरकारी तथ्यांकले देखाएको छ ।
यी आँकडाहरूले विश्वको चौथो ठूलो अर्थतन्त्रले सामना गर्दै गरेको नाटकीय जनसाङ्ख्यिकीय चुनौतीहरूलाई उजागर गर्छन् । जापानमा घट्दो श्रम शक्तिले बढ्दो वृद्ध जनसङ्ख्याको हेरचाहको लागत वहन गर्नुपर्ने भएको छ ।
स्वास्थ्य मन्त्रालयको प्रारम्भिक तथ्याङ्क अनुसार सन् २०२४ मा विदेशी नागरिकहरू सहित जापानमा सात लाख २० हजार नौ सय ८८ बच्चा जन्मिएका थिए । यो सन् २०२३ मा सात लाख ५८ हजार छ सय ३१ बाट पाँच प्रतिशतले कम हो ।
जन्मको सङ्ख्या सरकारले सन् १८९९ मा तथ्याङ्क राख्न सुरु गरेयता सबैभन्दा कम भयो ।
मृत्युको सङ्ख्या जन्मको तुलनामा दोब्बरभन्दा बढी थियो । मृत्यु हुनेको सङ्ख्या सन् २०२३ मा एक दशमलव आठ प्रतिशतले बढेर १६ लाख २० हजार पुगेको छ ।
जापानको कूल जनसङ्ख्या यस महिना १२ करोड ३५ लाख ४० हजार पुगेको आन्तरिक मामिला मन्त्रालयको गत हप्ताको तथ्याङ्कले देखाएको छ । यो एक वर्ष अघिको तुलनामा शून्य दशमलव ४६ प्रतिशतले कम हो ।
जन्म तथ्याङ्कले दक्षिण कोरियासँग तीव्र तुलना गरेको छ । दक्षिण कोरियामा बुधबारको तथ्याङ्कले सन् २०२४ मा प्रति एक हजार मानिसमा जन्मिएका बच्चाहरूको सङ्ख्या बढेको छ । यो एक दशकभन्दा बढी समयमा पहिलो पटक हो ।
सन् १९७३ मा जापानमा २१ लाख बच्चा जन्मिएका थिए । जापानी प्रधानमन्त्री शिगेरु इशिबाले जनसङ्ख्या सङ्कटको सामना गर्नु आफ्नो शीर्ष प्राथमिकताहरूमध्ये एक रहेको बताएका छन् । तर शिक्षाको उच्च लागत, स्थिर अर्थव्यवस्था र जीवनशैलीमा परिवर्तनले युवाहरूलाई परिवार सुरु गर्न निरुत्साहित गरेको छ । रासस

# वनगाउँका एकसय घर तरकारी खेतीमा

**कैलाली ।**
कैलालीको टीकापुर– ८ वनगाउँको पूरै गाउँ तरकारी खेतीमा लागेको छ । सुरुका दिनमा आफ्नै उपभोगका लागि तरकारी उत्पादन शुरु गरेको भए पनि पछिल्लो समय उनीहरू व्यावसायिक भएका छन् । तरकारीले बजार पाउन थालेपछि उनीहरू व्यावसायिक खेतीमा लागेको बताउँछन् । 'हाम्रो पूरै गाउँ तरकारी खेतीमा लागेको छ,'स्थानीय तीर्थ चौधरीले भने, 'थोरै–धेरैको कुरा हो, तर सबैजसो तरकारी खेतीमा लागेका छन् ।'
उनका अनुसार गाउँमा करिब सय घर छन्, ती सबैले मौसमी र बेमौसमी खेती गर्न लागेका हुन् । यतिखेर त्यस गाउँमा खुर्सानी, टमाटर र गोभी उत्पादन भएको देख्न पाइन्छ । टमाटर र गोभीले खासै मूल्य नपाएको किसानको गुनासो छ । टमाटर प्रतिकिलो १० रुपैयाँ, काउली २० रुपैयाँमा प्रतिकिलो र खुर्सानी ७० रुपैयाँमा थोक मूल्यमा लिने गरेको उनीहरूको भनाइ छ । खुर्सानीले सुरुमा मूल्य नपाए पनि अहिले राम्रो मूल्य पाएको किसान तीर्थले बताए । 'तरकारीमा राम्रो आम्दानी लिनका लागि अरूको उत्पादनभन्दा पहिला उत्पादन हुनुपर्छ,' चौधरीले भने, 'काउली र टमाटर सबैसँग भएकाले मूल्य खासै छैन, तर सुरुमा उत्पादन गर्नेले धेरै मूल्य पाएका थिए ।'
उनले टमाटर र काउली ढिला भयो भन्दै खुर्सानीबाट आम्दानी लिने बताए । मौसमी तरकारी खेती गर्दै आएका किसानले मौसमीभन्दा बेमौसमी तरकारीले मूल्य पाउने कुरा बुझेपछि बैमौसमी तरकारी उत्पादन गर्न आकर्षित भएका छन् । समयभन्दा छिटो उत्पादन गर्दा राम्रो मूल्य पाइन्छ र सबैको उत्पादन भएपछि बजार मूल्य पाइँदैन भन्ने कुरा सबैले बुझ्दै गएको स्थानीय मानबहादुर चौधरीले बताए । किसानले पाँच कट्ठादेखि एक बिघासम्म तरकारी खेती गर्दै आएका छन् । राजापुर र टीकापुर बजारमा तरकारी खपत हुन थालेपछि त्यस गाउँका किसान तरकारी खेतीमा हौसिएको मानबहादुरले बताए । 'हाम्रो उत्पादन भएको तरकारी बर्दियाको राजापुर र टीकापुरका थोक व्यापारीले खरिद गर्ने गरेका छन्,' चौधरीले भने, 'गाउँमै आएर तरकारी किन्ने गरेका छन्, कतिपयले आफैँ हाटबजारमा लगेर बिक्री गर्ने गरेका छन् ।' कात्तिकमा लगाएको तरकारी पुसबाट बिक्री गर्न तयार भएको चौधरीले बताए । 'कात्तिकमा लगायौँ, ढिलो भएकाले उत्पादन पनि ढिलो हुँदा खासै मूल्य पाइएन,'चौधरीले भने, 'गाउँ पूरै तरकारी खेतीमा लागेकाले तरकारीका थोक व्यापारीलाई पनि सहज भएको छ ।' तरकारीका



थोक व्यापारी वनगाउँमा तरकारी पाइन्छ भनेर ढुक्क भएर आउने गरेको स्थानीयको भनाइ छ । किसानले आफ्नो बिक्री भएपछि अर्को छिमेकीको बिक्रीमा सघाउने गरेका छन् । उत्पादन भएको तरकारी लगभग बिक्री भएको अवस्था छ । यसरी तरकारीको आम्दानीले सामान्य खर्च धान्न सजिलो हुने गरेको भौना चोधरीले बताए । चौधरी गाविसका पूर्वउपाध्यक्षसमेत हुन् । उसो त उनीहरू धान र गहुँ खेती पनि गर्छन् । बाढीग्रस्त क्षेत्र भए पनि त्यो गाउँ तरकारीमा आत्मनिर्भर भनेर चिनिन थालेको छ । 'गाउँ पूरै तरकारीमा लागेको हुँदा युवा र महिला पनि आफ्नो पकेट खर्च निकाल्न तरकारी खेतीमा लागेको पाइन्छ,' भौनाले भने, 'आधुनिक बिउ पाइने र टनेलमार्फत खेती गर्दा बेमौसमी खेती गर्न सजिलो भएको छ ।' रासस

# आलोचुङगालामा बुनेको गलैँचाको माग उच्च

**ताप्लेजुङ ।**
ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका–७ ओलाङचुगोला गाउँका लागि गलैँचा मुख्य आम्दानीको स्रोत बनेको छ ।
यहाँको परम्परागत गलैँचा उत्पादन चीनको बजारमा राम्रो मागको साथ निर्यात हुने गरेको छ । तर कोभिड–१९ महामारीका कारण नाका बन्द हुँदा यहाँको गलैँचा उत्पादन चीनसम्म पुग्न सकेको थिएन ।
नाका खुलेसँगै, ओलाङचुगोलामा उत्पादन भएको गलैँचा अहिले चीनका विभिन्न बजारमा निर्यात हुन थालेको उद्यमी फुप् ल्हमु श्रेष्ठले जानकारी दिए । यसले यहाँका ग्रामीण समुदायलाई थप आर्थिक अवसर प्रदान गरेको छ । ओलाङचुगोला उत्पादित गलैँचा नेपाली बजारमा पनि लोकप्रिय छ । यस क्षेत्रको गलैँचा फुङ्लिङ बजार हुँदै काठमाडौसम्म पुग्ने गर्दछ । नेपाली बजारमा यी गलैँचाको मूल्य प्रतिएकाइ दश हजारदेखि २५ हजार रुपैयाँसम्म पर्ने उनले बताए ।
उद्यमी श्रेष्ठका अनुसार चीनका बजारमा ती नै गलैँचाको मूल्य निकै उच्च छ, जहाँ १५ हजार रुपैयाँदेखि ४५ हजारसम्ममा खरिद बिक्री गरेको छ । यो अन्तर्राष्ट्रिय बजारमा मूल्य फरक भएको कारण स्थानीय उत्पादनकर्तालाई राम्रो मुनाफा हुने गर्दछ ।
यसरी चीनमा निर्यात हुने गलैँचा ओलाङचुगोलामा रहेका उद्यमी र हस्तकलाकारको आर्थिक समृद्धिका लागि ठूलो अवसरको रूपमा प्रस्तुत भएको छ । नाका खुलेसँगै यो व्यापारको सञ्जाल थप फैलिएको छ। स्थानीयस्तरमा रोजगारीको सिर्जनासमेत गरेको छ । निर्यातका अवसरले ओलाङचुगोला क्षेत्रको समृद्धिमा महत्वपूर्ण भूमिका खेल्न थालेको छ । रासस

# सुशासनको लागि राजनीतिक दलहरू पारदर्शी बन्नुपर्छः सांसद विश्वकर्मा



**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य विष्णुबहादुर विश्वकर्मा राष्ट्रियसभाको सदस्य हुन् । सानैदेखि जातीय भेदभाव तथा छुवाछूतको पीडा भोगेका विश्वकर्मा जान्ने भएदेखि दलित समुदायको अधिकारको निम्ति सङ्घर्ष गर्दै आएका छन्।

राष्ट्रियसभाको सदस्य भएको एक वर्ष भयो। संसद्मा पहिलो पटक प्रवेश गरेको हुँ। संसद् मैले सोचेभन्दा फरक रहेछ। राष्ट्रियसभामा आउँदै गर्दा सबै समान होलान् भन्ने लागेको थियो, त्यसो रहेनछ। संसद्मा पनि त्यहि किसिमको विभेद हुँदो रहेछ। समान ढङ्गबाट नीति निर्माण भएको होला भन्ने लागेको थियो । राष्ट्रियसभामा प्रवेश गरेपछि थाहा भयो, यहाँ पनि दलितमाथिको विभेद् स्पष्ट रूपमा देखिन्छ।

विसं २०७२ मा संविधान घोषणा भएपछि करिब तीन सय ४० वटा ऐन बनेका छन् । मौलिक हकको विषयमा १६ वटा ऐन बनेछन् । तर दलित समुदायको मौलिक हकको विषयमा एउटा पनि ऐन बनेको देखिँदैन । दलित समुदायबारे एकीकृत ऐन अहिले पनि बनेको छैन । अन्तरिम संविधानकालमा २०६८ सालमा जातीय भेदभाव तथा छुवाछूत (कसुर, सजाय) ऐन बनेको थियो । त्यो बाहेक संविधानको मौलिक हकमा व्यवस्था गरिए अनुसार दलितको लागि छुट्टै ऐन बनेको छैन । यसको बारेमा कुनैपनि राजनीतिक दलका प्रतिनिधि र सरकारको ध्यान पुगेको देखिएन । संविधान जारी भएपछि दलित समुदायबाट मन्त्री र राज्यमन्त्री बनेका छन् । तर कसैको पनि दलितसम्बन्धी कानुन बनाउनेतर्फ पर्याप्त ध्यान गएको छैन । अहिले संविधान संशोधनका बारेमा छलफल हुन थालेको छ । संविधान संशोधन गर्नुपर्छ तर दलित, महिला, आदिवासी जनजाति, मधेशी, उत्पीडित समुदायको पक्षमा संशोधन गर्नुपर्छ । संविधान संशोधनको नाममा उनीहरूको अधिकार कटौती गर्न पाइँदैन । संशोधन सबैको हित र आवश्यकताका आधारमा हुनुपर्छ । राजनीतिक दलको स्वार्थको निम्ति संशोधन गरिनु हुँदैन।

राष्ट्रियसभालाई मात्रै समानुपातिक बनाउने तर प्रतिनिधिसभालाई समानुपातिक नबनाउने तरिकाले संशोधन हुँदैछ भन्ने पनि सुनिन्छ । अहिले दलित, महिला, आदिवासी जनजाति, मधेशी र उत्पीडित समुदायलाई धेरै अधिकार भयो भन्ने बहस पनि चलिरहेको छ । यो गलत व्याख्या हो । ती समुदायका लागि हाल संविधानमा केही अधिकारको व्यवस्था गरिएको छ तर त्यो पर्याप्त छैन । दलित समुदायले पाएका अधिकारलाई अझ थप गर्नुपर्छ । संविधान संशोधन पश्चगमन होइन, अग्रगमनका लागि हुनुपर्छ । संविधान जारी भएको करिब एक दशक भएको छ । यसको कार्यान्वयनलाई हेर्दा जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । मौलिक हकअन्तर्गत कानुन बन्न सकेका छैनन् । उत्पीडित समुदायलाई सम्बोधन गर्नेगरी ऐनहरू बनेका छैनन् । सरकार र संसद् ऐन बनाउनेभन्दा पनि दलगत स्वार्थमा केन्द्रित हुनु दुर्भाग्य हो । प्रष्ट छ, ऐन नबनेसम्म संविधान कार्यान्वयन हुँदैन । निजामती सेवा ऐन, प्रहरी ऐन र सङ्घीय वित्तसम्बन्धी ऐनहरू बन्न सकेका छैनन् । संविधान पूर्ण रूपमा कार्यान्वयन नहुँदा मुलुकमा अराजक स्थिति उत्पन्न हुन्छ । त्यसैले संसद् र सरकारले यथाशीघ्र ऐन बनाउनतर्फ ध्यान दिनुपर्छ । अर्को, मुलुकमा भ्रष्टाचार व्याप्त छ । महङ्गी उत्तिकै छ । नेपाल युवा शक्ति भएको मुलुक हो । तर देशभित्रै रोजगारी नहुँदा दक्ष युवा विदेश पलायन हुनु परेको छ । सरकारले देशभित्र उद्योग कलकारखाना खोलेर विदेसिएका युवाका लागि नेपाल फर्कने वातावरण निर्माण गर्नुपर्छ । विडम्बना के छ भने भएका सरकारले त्यत्रो लगानी गरेर स्थापना गरेका उद्योग, कलकारखानाहरू पनि बन्द अवस्थामा छन् । त्यसलाई सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । उत्पादन बढाउनुपर्छ । सरकारले पटकपटक नीति बनाउँछ । बजेटमा स्वरोजगारको कुरा आउँछ । तर कार्यान्वयन हुँदैन । गाउँ युवाविहीन हुँदैछ । सरकारले बजेटमा कृषि उत्पादनलाई प्राथमिकता दिएको हुन्छ । तर कार्यान्वयनको पाटो कमजोर छ । एक ठाउँका लागि बजेटको व्यवस्था गरिएको हुन्छ तर रातारात अर्का ठाउँमा रकमान्तर हुन्छ । जनताको अवस्था परिवर्तन गर्नु मुख्य कुरा हो । जनतालाई रोजगारी दिनु मुख्य कुरा हो । हामीले व्यवस्था परिवर्तन गरेपनि जनताको अवस्था परिवर्तन गर्न सकेका छैनौँ । अब जनताको अवस्था परिवर्तन गर्नेतर्फ सरकारहरू लाग्नुपर्छ । जनताको अवस्था परिवर्तन हुँदै गएपछि विकासका काम त आफैँ हुँदै जान्छ।

अबको मेरो योजना भनेको दलितसम्बन्धी एकीकृत कानुन निर्माणका लागि पहल गर्नेतर्फ हुन्छ । संविधानको धारा २५ र ५० अनुसार कानुन बनाउनेतर्फ मेरो ध्यान जानेछ । ती धाराको आधारमा ऐन बनाउनका लागि मेरो सक्रिय भूमिका हुनेछ । दलित समुदायलाई विशेष अधिकार दिनुपर्छ । राजनीतिक दलको सम्पत्ति सार्वजनिक गर्नुपर्छ । सुशासनको लागि राजनीतिक दलहरू पारदर्शी बन्नुपर्छ । रासस

# संस्कृतिसँग जोडिएका पोखरी

**भादगाउँ ।**
भक्तपुर नगरपालिका–५ को चुपिङ्घाटस्थित काँल्हाचा पुखुः (पोखरी)मा नुहाए घाउ खटिरा निको हुने जनविश्वास छ । घरघरमा धारा नभएको समयमा गाहिटी, तमारी, खँला र आर्दशका स्थानीयहरु काँल्हाचा पुखुःमा स्नान गर्ने, मुख धुने, तर्पण दिने, देवीदेवतालाई जल चढाई चम्पकेश्वर महादेवको दर्शन गर्ने प्रचलन रहेको थियो । भक्तपुर औद्योगिक क्षेत्रको दक्षिणतर्फ इन्द्रायणी पीठ नजिक रहेको प्राचीन धल्चा पुखुः(कालदह पोखरी)मा स्नान गर्नाले गोसाईकुण्डमा स्नान गरे सरह पुण्य प्राप्त हुने धार्मिक जनविश्वास रहेको छ । गोसाईकुण्डको प्रतीक मानिने धल्चा पुखुःमा स्नान गरी त्यहाँको महादेवलाई जल चढाउनाले शिर कम्पन हुने र छालासम्बन्धी रोगको निवारण हुने धार्मिक मान्यता रहेको स्थानीय लक्ष्मीनारायण पक्वाले बताए । यहाँ जनै पूर्णिमाको दिन ठूलो मेला लाग्छ ।

यसैगरी भक्तपुरको ख्वप लाय्कू दरबार (दरवार क्षेत्र)भित्र रहेको दुमाज पुखुःमा आइतबार र बिहीवार बच्चालाई नुहाई दिए, मुख धुवाई दिएमा रुन्चे लागेको, पेट दुःखेको निको हुने जनविश्वास छ । यो पुखुःको पानीले दुमाजु परिसर सरसफाईका लागि दैनिक प्रयोग गर्ने परम्परा रहेको स्थानीय ७४ वर्षीय बुद्धिलाल सुवाल बताउँछन् । पुखुःहरुको शहर भनेर परिचित भक्तपुर नगरका काँल्हाचा पुखुः, धल्चा पुखुः र दुमाजु पुखुः मात्र होइन, अधिकांश पुखुःहरु कुनै न कुनै धार्मिक–सांस्कृतिक एवं रोगको उपचारसँग सम्बन्धित रहेका छन् । नगरका चार दर्जन पुखुःमध्ये करिब दुई दर्जन पुखुःधार्मिक तथा सांस्कृतिक रूपमा अत्यन्त महत्वपूर्ण मानिन्छन् । धार्मिक तथा सांस्कृतिक आस्था रहेका, इतिहास बोकेका, रोग निवारणका लागि बनाएका, शहरको शोभा एवं सुन्दरता बढाउन, कमलको फूल उत्पादन, मानवीय जीवनमा कठिन समयमा मनलाई शान्ति पार्नुका साथै विपद्लगायतका समयमा आकस्मिक प्रयोगका लागि विभिन्न कालखण्डमा निर्मित अति सुन्दर मनोमोहक पुखुःहरु छन् ।

धार्मिक तथा सांस्कृतिक महत्व झल्काउनुका साथै राष्ट्रहितको लागि भक्तपुरमा पुखुःहरु निर्माण गरेको पुरातत्वविद, इतिहास तथा संस्कृतिविद् प्राडा पुरुषोत्तमलोचन श्रेष्ठले बताए । विषेशगरी टाढाटाढाका तीर्थ यात्रामा गई स्नान गर्न जान नसक्ने असहाय अशक्तलाई आफ्नै ठाउँमा स्नान गराई दर्शन पुजा गर्न सजिलो लागि बनाएको उनले बताए । यस्तै पुखुःहरुमध्ये एक हो भक्तपुर नगरपालिका–१, दूधपाटीमा अवस्थित सिद्धपोखरी । स्थानीयमा तः पुखुःले समेत परिचित सिद्धपोखरी दिउँसो आन्तरिक र बाह्य पर्यटकको आकर्षण गन्तव्य बनेको छ भने बिहान स्थानीय बासिन्दाको धार्मिक तीर्थस्थलको रूपमा रहेको छ । स्थानीय वृद्धवृद्धा बिहानै पोखरीमा आई मुखधुने र पोखरीको जल त्यहाँको महादेवलगायत देवीदेवतालाई चढाई दर्शन गर्ने परम्परा आजपर्यन्त कायमै रहेको स्थानीय ६५ वर्षीय विष्णुप्रसाद खत्रीले बताउँछन् । सिद्धपोखरी लौकिक वास्तुकलाको अनुपम उदाहरण बोकेको पुखुःको रूपमा परिचित छ । यो पुखुःको पूर्वपट्टि नेपालको सर्ब प्राचीन बराह र गणेशको मूर्ति रहेको छ । धार्मिक समन्वय र सद्भावको अनुपम उदाहरणस्वरूप शिवलिङ्ग र चैत्य त्यहाँ छ । यो चैत्य लिच्छवीकालीन मानिएको छ ।



प्राडा श्रेष्ठका अनुसार वास्तुतन्त्र विधिअनुरूप सिद्ध तान्त्रिक युगमा निर्माण गरेको विशाल पुखुःभएकाले यसलाई सिद्ध पुखुःभनी नामाकरण गरिएको हो । नेपाल सम्वत् २३८ तिर भक्तपुरलाई राजधानी नगरको रूपमा स्थापित गर्ने त्रिपुर राजदरबार राजधानीकै मध्यभागमा बनाउने, नगरलाई अनुपम कलाकृतिले सजाउने कार्य राजा आनन्ददेवको पालामा भएको थियो । सिद्धपोखरी त्योभन्दा केही समय पूर्व आनन्ददेवको दाजु युवराज इन्द्रदेवले निर्माण गर्न लगाएको इतिहासमा उल्लेख छ । लोकमान्यताअनुसार देवराज इन्द्रले स्नान गरेको दहको प्रतीकको रूपमा लिने भएकाले यस दहलाई इन्द्रदह पनि भन्ने गरिन्छ । इन्द्रदह परिसरमा लिच्छवीकालीनदेखि मल्लकालसम्मका शैव, शक्ति, बौद्ध, वैष्णव, सम्प्रदायका देवी देवताका मूर्तिहरु रहेका छन् । त्यहाँ रहेको शिवलिङ्गमा जल चढाई पिएमा घाँटी दुःखेको रोग निको हुन्छ भन्ने जनविश्वास छ । इन्द्रजात्रामा यँन्याः पुन्हीको पूर्वसन्ध्यामा इन्द्रायणी देवीको खटजात्रा गरी इन्द्रदहको पश्चिमतिर देवीलाई विरामान गर्ने परम्परा छ । भोलिपल्ट पुन्हीको दिन दहमा स्नान गरी इन्द्रायणी देवीको पूजाआराधना गरे ठूलो पूण्य प्राप्ति हुनुका साथै पारिवारिक सुःख समृद्धि मिल्ने जनविश्वास रहेको छ । इन्द्रदहमा वासुकी नागसमेतको बसोबास रहेको विश्वास गरिन्छ । त्यसैले पानी नपरेर रोपाई ढिला भएको बेला भक्तपुरका स्थानीय बासिन्दा इन्द्रदहमा गई तान्त्रिक विधिद्वारा वासुकी नागको पूजा गरी 'हरहर महादेव पानी दे, अलिकति होइन धेरै दे' भनेर पानी माग्ने प्रचलन अहिले पनि रहेको पाइन्छ ।

भक्तपुरमा इन्द्रजात्रामा निकाल्ने तीन दिने याँ मता (आकाश दीप) नगर परिक्रमापछि पुखुःहरुमा परिक्रमा गराई जात्रा सम्पन्न गर्ने चलन अहिलेसम्म छ । पहिलो दिनको याँःमता कमलविनायकको यातु बहारे(कमलपोखरी)मा परिक्रमा गरी सम्पन्न गर्छ । दोस्रो दिनको याँःमता झौखेलको मुगथौ पुखुःमा परिक्रमा गरी सम्पन्न गर्छ । तस्रो दिनको याँःमता सिद्धपोखरीमा परिक्रमा गराई सम्पन्न गर्छ । त्यसैगरी हरेक वर्ष माघ १ गते भक्तपुरमा मनाइने सम्यक महादानमा द्विपंकर बुद्धलाई चढाउने तिलभात इताछेंस्थित नःपुखुको पानीले पकाउने चलन छ ।

नःपुखुः परिसरमा नै सम्यक महादान पर्व मनाइन्छ । भक्तपुरमा मानव निर्मित विभिन्न सुन्दर पोखरीहरु मध्ये भाज्या पुखुःअति महत्वपूर्ण सुन्दर पुखुः हो । पुखुःको मध्यभागमा शिखर शैलीमा निर्माण गरिएको सुन्दर जलेश्वरको मन्दिर छ । यो पुखुः १२ औं शताब्दीको शक्तिशाली शासक वर्ग भाजु कसःको नाममा निर्माण गरेकाले यसलाई भाज्या पुखुः भनिएको प्राडा श्रेष्ठले बताए ।

भक्तपुर नगरपालिका–१ सल्लाघारीस्थित रानी पुखुः, कमलविनायस्थित यातु बहारे पुखुः, सिद्ध पुखुः, भाज्या पुखुःलगायतका पुखुःहरुको डिल वा परिसरमा भक्तपुरका स्थानीय नेवार समुदायको कुलदेवता स्थापित छन् । वर्षको एक दिन दिगु पूजा÷देवाली पूजा (कुल पूजा)मा ती पोखरीहरुको डिलमा कुल पूजा गरी भोज गर्ने परम्परा आज पनि जीवित रहेको छ । पुखुःछेउमा कुल देवता स्थापित गर्नुको मुख्य उद्देश्य पुखुःमा रहेको पवित्र जलले कुलदेवताको स्नान गराई दर्शन पुजन गर्नु हो । पुखुःहरुको छेउमा कुलदेवता स्थापित गर्नुको अर्को कारण वर्षको एक पटक भएपनि शहरी सिमाना सुरक्षा के कस्तो छ हेरी देश रक्षाको भावना जगाउनु रहेको श्रेष्ठले बताए । प्राचीनकालदेखिका पुखुःहरु जनतालाई धार्मिक, सांस्कृतिक रूपमा मात्र नभएर मानसिक रूपमा पनि शान्ति, आनन्द प्रदान गर्न बनाएको हो । पर्यावरणले मानिसहरुमा कति रोगको निवारण गर्छ भन्ने भक्तपुरका पुखुःहरुले देखाएको छ । मानवीय जीवनमा कठिन परिस्थिति अनावृष्टि, अनिकाल जस्तो समयमा पानीको प्रयोग गर्न पाओस् भनी प्राकृतिक रूपमा जल भण्डारणको रूपमा पनि पुखुःहरु बनाएको हो । सिँचाइलगायत आगलागीजस्ता विपद्को समयमा आकस्मिक रूपमा ती पुखुःहरुको पानी प्रयोग हुँदैं आएका छन् ।

भक्तपुर नगर स्थापना गर्ने लिच्छवी राजा आन्नददेवले वास्तुमय बनाउने क्रममा विभिन्न पुखुःहरु निर्माण गरेका थिए । यससँगै मल्लकालमा पनि धेरै पुखुःहरु बनेको इतिहासमा उल्लेख छ । धर्म संस्कृतिले धनी भक्तपुरमा कति जात्रा पर्वका लागि नभई नहुने कमलको फुलको लागि समेत पुखुः बनाएको छ । नगरमा कमलविनायकको बाहारे पुखुः, तलेजु भवानीको पूजाको लागि ब्यासीस्थित नार्का बाहारे पुखुः, पलेश्वाँ बाहारे, याताको बाहारे पुखुःहरु कमलको फुलकै लागि निर्माण गरेको इतिहासमा उल्लेख छ । पानी जीवन भएकाले मानिसको दैनिकीसँग जोडेर नगरको प्रत्येक टोलटोलमा नुहाउन, लुगाकपडा धुन, तरकारी पखाल्न, गाईवस्तुलाई खुवाउन, हातखुट्टा धुन, भाँडा माझ्न, कृषि कर्म गरी घर फर्कने क्रममा औजार धुने कार्यमा पनि पुखुःको उपयोग हुँदै आएको छ । त्यसैगरी माछापालन गरेर आर्थिक रूपमा सबल बन्नुका साथै बाह्य तथा आन्तरिक पर्यटकको गन्तब्यस्थलको रूपमा विकास गर्न पुखुः बनाएको हो ।

यहाँका पुखुः तत्कालीन समयको विज्ञान प्रविधि र इञ्जिनीयरिङको अनुपम सीपको नमूना पनि रहेको छ । भक्तपुर नगरपालिका–८ को खँचा पुखुःमा करिब एक किलोमिटर पश्चिममा रहेको प्रसिद्ध न्यातपोल (पाँच तल्ले) मन्दिरको छायाँ स्पष्ट देखिन्छ । यस्तो इञ्जिनीयरिङ प्रविधि प्रयोग भएको पुखुः वास्तवमै उत्कृष्ट नमूना मान्न सकिन्छ ।

पछिल्लो समय अधिकांश पुखुःहरुले भक्तपुर नगरपालिकाको सहयोग र स्थानीयको श्रमदानमा पुनर्जीवन पाएको छ । सिद्धपोखरी, रानी पोखरी, भाज्या पुखुः, कालदह, दुमाजु पुखुः, मंगल कुण्ड, कुमारी पुखुः, गरुडकुण्ड, सँला गणेश पुखुः, नाग पुखुः, नःपुखुको पुनर्निर्माण गरिएको छ । समयमै मर्मतसम्भार नहुँदा नगरभित्रका करिब ५० पुखुःमध्ये गलसी पुखः, नार्का बाहारे, तिलांचा पुखुः, खोर्चा र खोहरे पुखुः मार्कण्डे पुखुः, अलिगचा पुखुःलगायत झण्डै एक दर्जन पुखुः भने लोप भइसकेका छन् । रासस

# लालपूर्जा माग्दै जाग्यो राजविराजमा आन्दोलन

***संघर्ष समितिले फागुन १८ गते राजविराज बजार बन्द, फागुन २१ गते नगरका घर तथा पसल पसलमा कालो झण्डा झुण्ड्याउने, फागुन २५ गते राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी, फागुन २८ गते राजविराजस्थित नापी र मालपोत कार्यालयमा तालाबन्दी तथा चैत ४ देखि गजेन्द्र चोकमा अनिश्चितकालीन रिले अनशनलगायतका आन्दोलन घोषणा गरेको छ ।***

**मधेशदृष्टि**
**राजविराज ।**
पुस्तौँदेखि बिटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका राजविराज नगरपालिकाका नागरिक विभिन्न सातबुँदे माग राख्दै बिहीबारदेखि संघर्षमा उत्रेका छन् । नगरवासीले समस्या समाधान माग गर्दै यसअघि दर्जनौँपटक राजविराज नगरपालिका तथा प्रमुख जिल्ला अधिकारीमार्फत सरोकारवाला निकाय र प्रधानमन्त्रीसम्म ज्ञापनपत्र पठाई ध्यानाकर्षण गराउदा पनि कुनै सुनुवाइ नभएकाले बाध्य भई चरणबद्ध आन्दोलन घोषणासहित सडक संघर्षमा उत्रेको संघर्ष समितिले जनाएको छ ।




संघर्ष समितिका संयोजक इर्साद अन्सारीले नर्णायक आन्दोलनको संज्ञा दिदै अब माग पूरा नभएसम्म आन्दोलन नरोकिने जनाएका छन् ।
उनले बिचौलिया र भूमाफियाको चलखेलका कारण स्थानीय सरकार र प्रशासनदेखि संघीय सरकार यसमा उदाशीन रहेको आरोप लगाए । संघर्ष समितिले नगरको करिब ६८ विघा क्षेत्रफलमा बिटौरी तथा ब्लक जग्गामा पुस्तौँदेखि बसोबास गर्दै आएका करिब ५ हजार २ सय परिवारले लालपूर्जा पाउन नसकेकाले अविलम्ब लालपूर्जा उपलब्ध गराउनु पर्ने माग गरेका छन् ।
यस्तै, राजविराज, हटियामा निर्माणाधीन व्यावसायिक कम्प्लेक्सको निर्माण कार्य यथाशिघ्र गरी व्यवसायीलाई हस्तान्तरण, नयाँ बसपार्कको अधुरो निर्माण अविलम्ब पूरा गरेर सञ्चालन, राज रंगशाला स्तरोन्नति, खाँडो नदी तटबन्ध क्षेत्रका जग्गा नापी र राजविराज–कञ्चनपुर सडकखण्ड निर्माण कार्यमा देखिएको समस्या समाधानलगायतका माग पनि संघर्ष समितिले अघि सारेको छ । यसअघि राजविराज नगरपालिकामा कार्यबाहक नगर प्रमुख इसरत परविनको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्वमन्त्री एवम् राजविराज नगरपालिकाका पूर्वमेयर अनिस अन्सारीले बिटौरी र ब्लक जग्गा समस्या अविलम्ब समाधान नगरिए नगरपालिका कार्यालयमा तालाबन्दी, राजविराज बजार बन्द र चक्काजामलगायतका कार्यक्रम गरिने चेतावनी दिएका थिए ।
माग पूरा गराउन दबाब दिने उद्देश्यले स्थानीय शिव मन्दिर प्राङ्गणबाट सैयौँको संख्यामा निस्केको जुलुश स्थानीय जनआन्दोलन चोक पुगेर बिरोध सभामा परिणत भएको थियो ।
बिरोध सभामा संघर्ष समिति संयोजक अन्सारी, पूर्व गृहराज्यमन्त्री रामकुमार चौधरी, उद्योग वाणिज्य संघ सप्तरीका पूर्वअध्यक्ष मनोज मुन्धडा, बौद्धिक अपाङ्गता अभिभावक संघका अध्यक्ष जगदीश अर्याल, समाजसेवी सुवि यादव, कांग्रेसका युवा नेता शम्भुलाल देव, वीरेन्द्र साह, प्रभातकुमार ललन, ईन्द्रकुमार देव, अनिल देव, नेविसंघ सप्तरीका सभापति राकेश ठाकुरलगायतले ज्ञापन पत्र बुझाएको लामो समय बितिसक्दा पनि स्थानीय सरकार र प्रशासन समस्या समाधानमा गम्भीर नबनेको र भिडन्त तथा रक्तपातको स्थिति सृजना गर्न खोजेको बताए ।
पहिलो चरणमा संघर्ष समितिले फागुन १८ गते राजविराज बजार बन्द, फागुन २१ गते नगरका घर तथा पसल पसलमा कालो झण्डा झुण्ड्याउने, फागुन २५ गते राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी, फागुन २८ गते राजविराजस्थित नापी र मालपोत कार्यालयमा तालाबन्दी तथा चैत ४ देखि गजेन्द्र चोकमा अनिश्चितकालीन रिले अनशनलगायतका आन्दोलन घोषणा गरेको छ । यसअघि सप्तरीका सम्पूर्ण राजनीतिक दलका तर्फबाट समेत बिटौरी र ब्लक जग्गामा नगर स्थापना कालदेखि नै बसोबास गर्दै आएका नगरबासीलाई अविलम्ब लालपूर्जा प्रदान गर्न प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाइएको थियो ।
यता, राष्ट्रिय मुक्ति पार्टीको काठमाडौंमा सम्पन्न केन्द्रीय समिति बैठकले समेत नगरबासीको पीडासँग जोडिएको बिटौरी र ब्लक जग्गा समस्या समाधान गरी अविलम्ब लालपूर्जा प्रदान गर्नु पर्ने निर्णय गरेको छ ।
पार्टी अध्यक्ष राजेन्द्र महतोले बिहीबार काठमाडौँमा पत्रकार सम्मेलन गरी केन्द्रीय समिति बैठक निर्णय सार्वजनिक गर्दै बिटौरी तथा ब्लक जग्गाको लालपूर्जा वितरण प्रक्रिया अविलम्ब शुरु गर्न सरकारसँग माग गरिएको बताए ।

# स्वास्थ्य सचिव नियुक्तिमा अन्तिम चरणको रस्साकस्सी

**मधेशदृष्टि**
**वीरगंज ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव पद रिक्त भएसँगै नियुक्तिको रस्साकस्सी उत्कर्षमा पुगेको छ । उमेर हदका कारण सचिव डा. रोशन पोखरेल अवकाश पाएपछि तीन अतिरिक्त सचिव डा. संगीता कौशल मिश्रा, डा. विकास देवकोटा र डा. टंक बराकोटीको नाम सिफारिस भएको छ । लोक सेवा आयोगअन्तर्गतको बढुवा समितिले सोमबार बसेको बैठकमार्फत तीनै जनालाई सचिवका लागि सिफारिस गरेपछि नियुक्तिका लागि राजनीतिक तहमा चर्को लबिङ शुरु भएको छ । अब बस्ने मन्त्रिपरिषद् बैठकले तीनमध्ये एक जनालाई सचिव पदमा नियुक्त गर्ने सम्भावना छ । नेपालको प्रशासनिक सेवालाई समावेशी र समानुपातिक बनाउने संवैधानिक व्यवस्थाअनुसार विभिन्न वर्ग र समुदायको प्रतिनिधित्व अनिवार्य भएपनि हाल निजामती सेवामा महिलाको उपस्थिति मात्र २८.७ प्रतिशत रहेको छ । यही सन्दर्भ उठाउँदै केही मन्त्री तथा नेताहरूले पहिलो नम्बरमा सिफारिस भएकी डा. मिश्रालाई सचिवमा नियुक्त गर्नुपर्ने तर्क अघि सारेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले विगतमा समावेशीकरणको बलियो उदाहरण दिँदै कामु मुख्यमन्त्री लिलादेवी गड्तौलालाई मुख्य सचिव बनाएको प्रसंगसमेत उठाइएको छ । ओली निकट नेताहरूले स्वास्थ्य मन्त्रालयमा मधेशी मूलकी महिलालाई सचिव बनाउनु सरकारको समावेशीकरण नीतिसँग समेत मेल खाने भन्दै दबाब दिइरहेका छन् । स्वास्थ्य मन्त्रालयमा सचिव पदका लागि सिफारिस भएका तीनै जना उम्दा उम्मेदवार मानिन्छन् । पहिलो नम्बरमा सिफारिस भएकी डा. मिश्रा २०५७ सालमा स्वास्थ्य सेवामा प्रवेश गरेकी थिइन् । केही समयको अन्तरालपछि खुला प्रतिस्पर्धाबाट २०७० सालमा पुनः सरकारी सेवामा फर्किएकी उनले कोशी अस्पताल र परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको नेतृत्व गरिसकेकी छन् । उनको नेतृत्वमा नेपालमा पहिलो पटक 'ह्युमन मिल्क बैंक' स्थापना गरिएको थियो ।
२०८० भदौदेखि करिब एक वर्ष स्वास्थ्य सेवा विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेर अहिले मन्त्रालयमा रहेकी उनी मन्त्रालयकी पूर्व प्रवक्ता समेत हुन् ।
हाल स्वास्थ्य सेवा विभागको महानिर्देशक रहेका डा. देवकोटा २०५३ सालमा सरकारी सेवामा प्रवेश गरेका थिए । लुम्बिनी प्रदेशको स्वास्थ्य सचिवको भूमिका निर्वाह गरिसकेका उनी १२औँ तहमा २०७९ चैत १३ गते बढुवा भएका हुन् । डा. बराकोटी २०५६ सालमा सेवा प्रवेश गरेका हुन्। प्रदेशिक अस्पताल भद्रपुरका मेडिकल सुपरिटेन्डेन्ट हुँदै मन्त्रालयमा आएका उनी पनि २०७९ चैत १३ गते १२औँ तहमा बढुवा भएका थिए ।
नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार १२औँ तहका अतिरिक्त सचिव वा ११औँ तहमा पाँच वर्ष काम गरेका कर्मचारीमध्ये ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा सचिव नियुक्त गरिन्छ। बढुवा समितिले डा. बराकोटी र डा. देवकोटाको तुलनामा १० महिना पहिले १२औँ तहमा बढुवा भएकाले डा. मिश्रालाई पहिलो नम्बरमा सिफारिस गरेको हो । स्वास्थ्य मन्त्रालयको नेतृत्व हात पार्न तीनै उम्मेदवार उच्च तहसम्म लबिङ गरिरहेका छन् ।

# मधानी महोत्सवः प्राचिन खेल दंगलसँगै सम्पन्न

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको मौलापुर नगरपालिका स्थित पतौराधाममा आयोजित मधानी महायज्ञको अन्तिम दिन प्राचिन खेल दंगल (कुस्ती) कार्यक्रमसँगै सम्पन्न भएको छ । दंगल कार्यक्रममा नेपाल र भारतका पुरुष र महिला चर्चित पहलवानहरुको विशेष सहभागिता रहेको छ । नेपालको विभिन्न ठाउँका पहलवानहरु त्रिलोकी यादव, बाब हरिओम, नमर्ता, मोख्तार अलि, अनुठा साह दंगलमा सहभागी थिए । यस्तै भारतको केरलाबाट कटपा पहलवान, हलचल पहलवान, उतराखण्डबाट मेन्टल पहलवान, अजगर पहलवान, भुकम्प पहलवान, जम्मु कश्मीरबाट जावेद अली, यामिन पहलवान सहभागी थिए । यसैगरी झारखण्डबाट एप्पल पहलवान, गोरखपुरबाट खुशी पहलवान, गोपलगंज बिहारबाट पायल पहलवान, हरियाणाबाट काजल पहलवान, बंगालबाट हुकुम सिंह, धमाका पहलवान, बनारसबाट प्रिन्स पहलवान सहित स्थानीय पहलवानको समेत सहभागिता रहेको थियो । मौलापुर नगरपालिकाका उपमेयर नागेन्द्र यादवको अध्यक्षता र मेयर रिनाकुमारी साहको प्रमुख आतिथित्यमा भएको दंगल कार्यक्रम हेर्न हजारौंको सहभागिता रहेको थियो ।
मौलापुर नगरपालिका पतौराधाम स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचिमा सूचिकृत गराउने संकल्प सहित शुरु भएको मधानी महायज्ञ पाँच दिनसम्म विभिन्न कार्यक्रम सहित सम्पन्न भएको छ ।
मधानी महायज्ञमा निष्केको भगवान शिवको बरात यात्रालाई आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले स्वागत गरेका थिए ।
कार्यक्रममा भोजपुरी सिने जगतका लेखक, निर्माता तथा पूर्वमन्त्री बिनय बिहारी, 'डायरी अफ मणिपुर' फिल्मका निर्देशक सनोज मिश्र, भोजपुरीका चर्चित गायक एवम् अभिनेता रितेश पाण्डेको मधानी विशेष सांस्कृतिक कार्यक्रममा विशेष प्रस्तुती रहेको आयोजकले जनाएको छ ।
यसैगरी मधानी महोत्सवमा महाकुम्भ मेलाका भाईरल गर्ल मोनालिसा सहित



भोजपुरी कलाकारहरु मिंटुवा, गायक सुनील पंडित, नेपाली गायक गौरभनारायण राई, भोजपुरीका कलाकार, प्रिया सुहानी सहित स्थानीय कलाकारको समेत विशेष प्रस्तुती रहेको थियो ।

# सिमेन्टको मूल्यवृद्धिविरुद्ध प्रदर्शन




**मधेशदृष्टि**
**वीरगंज ।**
सिमेन्टमा गरिएको कार्टेलिङ विरूद्ध वीरगंजमा प्रदर्शन गरिएको छ । नेकपा माओवादी केन्द्रका नेता एवम् मधेश प्रदेश सभा सदस्य रहबर अन्सारीको नेतृत्वमा बिहीबार वीरगंजमा जुलुश प्रदर्शन गरिएको छ ।
उनीहरुले विभिन्न कम्पनीको सिमेन्टको बोरा लगाएर प्रदर्शन गरेका थिए । 'मूल्य बढेको बढ्यै, हामी हेरेको हेरयै, राज्य डुब्दैछ पूरै, राज्य हेरेको हेरयै', लगायतका नारा लेखिएको प्लेकार्ड सहित वीरगंजको घण्टाघरबाट शुरू भएको विरोध प्रदर्शन मुख्य चोक माइस्थान, आदर्शनगर, घडिअर्वा हुँदै पुन घण्टाघरमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभामा बोल्दै पूर्व राज्यमन्त्री समेत रहेका नेता अन्सारीले निर्माण क्षेत्र ठप्प भएर बजारमा सिमेन्टको माग नभएको बेलमा पनि मूल्य बढाएको भन्दै आक्रोश व्यक्त गरे । उनले यो विषयमा सरकार मुकदर्शक बनेको आरोप लगाए । अन्सारीले सिमेन्ट उद्योगहरुले कार्टेलिङ गरेर सिमेन्टको मूल्य बढाएको भन्दै सर्वोच्च अदालतमा समेत रिट दिएका छन् । त्यसमा सर्वोच्च अदालतले कारणदेखाउ आदेश जारी गरेको छ ।

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी
डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
डेंगीका मूख्य लक्षणहरू
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु
डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।
( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।
गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विरेन्द्र बजार, धनुषा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन